विधेयक सङ्ख्याः

# तिलगङ्गा नेत्र विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८१

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार, काठमाडौं

# उद्देश्य र कारण

नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरु सम्बन्धी व्यवस्था अन्तर्गत खण्ड (ज) मा शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी, नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने उल्लेख गरिएको छ। सोही बमोजिम नेपालमा विश्वविद्यालयहरु स्थापना भई सञ्चालन हुँदै आएका छन्। नेपालमा उच्च शिक्षामा चिकित्सा शिक्षातर्फ नेत्र (आँखा) स्वास्थ्यको विधामा गुणस्तरीय शिक्षा प्रदान गर्न तथा गुणस्तरीय सामग्रीको उत्पादन गरी अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त गरी आँखा स्वास्थ्य सेवाको सहज पहुँच वृद्धि गरी यस क्षेत्रमा प्रविधिको विस्तार गर्न विभिन्न नविनतम विधामा अध्ययन अध्यापन मार्फत शैक्षिक गुणस्तर हासिल गर्नु पर्नेको छ।

आँखा स्वास्थ्य विधातर्फ उच्च शिक्षा प्रदान गर्नु पर्ने भएको र यस क्षेत्रमा गुणस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न, आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गरी विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा प्रदान गर्न, आँखा उपचार सम्बन्धी वस्तु उत्पादन तथा आँखा स्वास्थ्यको क्षेत्रमा नयाँ प्रविधिको विकास तथा विस्तार गरी आँखा स्वास्थ्य सेवाको क्षेत्रमा उत्कृष्ट प्राज्ञिक केन्द्रको रुपमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गर्न तिलगङ्गा नेत्र विश्वविद्यालय आवश्यक भएकाले प्रस्तुत "तिलगङ्गा नेत्र विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" संघीय संसदमा पेश गर्नु परेको हो।

(सुमना श्रेष्ठ)
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# आर्थिक टिप्पणी

तिलगङ्गा नेत्र विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा विश्वविद्यालयको संगठन, पदाधिकारीको व्यवस्था गरिएको छ भने विश्वविद्यालय र यसको केन्द्रीय कार्यालय संरक्षक परिषदले तोकेको ठाउँमा रहने व्यवस्था गरिएको छ। प्रस्तुत विधेयकमा आँखा सवास्थ्यतर्फ अस्पताल तथा उत्पादन केन्द्र रहने व्यवस्था गरिएको छ। विधागत आधारमा नेत्र (आँखा) स्वास्थ्य शिक्षातर्फको नेपालमा सञ्चालन हुने पहिलो विश्वविद्यालय हुने तथा यस विश्वविद्यालय सञ्चालनको लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता रहेको नेपाल आँखा कार्यक्रम र जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा दर्ता रहेको अन्धोपन निवारण समाज मकवानपुर संस्थाको सम्पत्ति तथा भौतिक संरचना यस विश्वविद्यालयमा सरी आउने व्यवस्था गरिएको छ। हाल नेपालका विभिन्न ३१ जिल्लामा यी संस्थाका सम्पत्ति रहेका र ती सम्पत्ति सहितको जायजेथा तिलगङ्गा नेत्र विश्वविद्यालयमा सरी आउने भएकोले प्रस्तुत विधेयकबाट नेपाल सरकारलाई कुनै आर्थिक दायित्व पर्ने देखिदैन।

प्रस्तुत विश्वविद्यालयको कोषमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट रकम उपलब्ध हुन सक्ने तथा यस विश्वविद्यालयलाई विश्वविद्यालय अनुदान आयोगबाट रकम उपलब्ध हुन सक्ने व्यवस्था गरिएकोले त्यस्तो रकम उपलब्ध हुँदाको अवस्थामा नेपाल सरकारलाई आर्थिक दायित्व पर्न सक्ने देखिने भए तापनि तिलगङ्गा नेत्र विश्वविद्यालयको स्थापना तथा सञ्चालन र यसमा कार्यरत रहने पदाधिकारी, शिक्षक तथा कर्मचारीको सेवा सुविधामा सरी आएको सम्पत्ति तथा यस विश्वविद्यालयको आन्तरिक आम्दानीबाट नै व्यहोरिने गरी विधेयकमा प्रस्ताव गरिएकोले तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयकबाट नेपाल सरकारलाई नियमित रुपमा आर्थिक दायित्व पर्ने देखिदैन।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(सुमना श्रेष्ठ)
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# प्रत्यायोजित व्यवस्थापनसम्बन्धी टिप्पणी

तिलगङ्गा नेत्र विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेका प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहायबमोजिम रहेको छ:-

| क स | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | २(ङ) | "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्ने गरी परिभाषा गर्नु पर्ने भएको। | तोकिए वा तोकिए बमोजिमका विषयमा विश्वविद्यालयको संरक्षक परिषदबाट नियमावली, कार्यविधि वा मादण्ड जारी हुनु पर्ने। | प्रत्यायोजित विधायनको प्रभावकारी कार्यान्वयन हुन जाने। |
| २ | ७ (११) | चन्दा दाताहरुमध्येबाट संरक्षक परिषदको सदस्य मनोनयन गर्दा विश्वविद्यालयलाई तोकिए बमोजिमको सहयोग उपलब्ध गराउने दातामध्येबाट गर्नु पर्ने व्यवस्था गरिएको। | संरक्षक परिषदबाट तोकिए बमोजिमको चन्दा प्रदान गर्ने व्यक्तिहरुमध्येबाट मात्र संरक्षक परिषदको सदस्यमा मनोनयन हुन सक्ने भएकोले संरक्षक परिषदबाट न्यूनतम रकम निर्धारण गर्नु पर्ने। | विश्वविद्यालय सञ्चालनमा दाताको भुमिका रहने, चन्दा दाताको कदर हुन गई सहयोगी हातहरु वृद्धि हुन जाने। |
| ३ | ७ (१२) | संरक्षक परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि संरक्षक परिषद्ले निर्धारण गरेबमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने भएको। | संरक्षक परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि संरक्षक परिषदबाट निर्धारण हुने। | संरक्षक परिषद्को बैठक सम्बन्धी कार्य प्रभावकारी हुन जाने। |
| ४ | ८(ण) | संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार अन्तर्गत अन्य काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | संरक्षक परिषद्को अन्य काम, कर्तव्य र अधिकार संरक्षक परिषदबाट जारी हुने नियमावली बमोजिम हुने गरी व्यवस्था गर्ने। | ऐनको कार्यान्वयन गर्न सहज र सरल हुन जाने। |
| ५ | ९(४) | कार्यकारी परिषद्को बैठकसम्बन्धी अन्य व्यवस्था नियमावली बमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने | कार्यकारी परिषदको बैठकसम्बन्धी अन्य व्यवस्था नियमावली बमोजिम हुने व्यवस्था गर्ने। | विश्वविद्यालयको कार्यकारी परिषद्को बैठकसम्बन्धी व्यवस्था व्यवस्थित हुन जाने। |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | भएको। | | |
| ६ | १० (द) | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार अन्तर्गत अन्य काम, कर्तव्य र अधिकार नियमावलीबमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने भएको। | कार्यकारी परिषद्को अन्य काम, कर्तव्य र अधिकार संरक्षक परिषदबाट जारी हुने नियमावली बमोजिम हुने गरी व्यवस्था गर्ने। | कार्यकारी परिषदका अन्य कामसम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्थित हुन जाने। |
| ७ | ११ (५) | प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषद् आफैंले निर्धारण गरेबमोजिम हुने व्यवस्था गर्नु पर्ने भएको। | प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषदबाट निर्धारण हुने। | प्राज्ञिक परिषदको बैठकको सञ्चालन, व्यवस्थापन तथा निर्णय प्रक्रिया व्यवस्थित हुन जाने। |
| ८ | १३ (५) | विद्या परिषद्को बैठक सम्बन्धी कार्यविधि विद्या परिषद् आफैंले निर्धारण गरेबमोजिम हुने व्यवस्था गर्नु पर्ने भएको। | विद्यापरिषद्को बैठकसम्बन्धी कार्यविधि विद्यापरिषदबाट निर्धारण भएबमोजिम हुन जाने। | विद्या परिषदको बैठकसम्बन्धी व्यवस्था व्यवस्थित हुने। |
| ९ | १४(च) | प्राज्ञिक निर्देशकले विद्या परिषद्बाट निर्णय हुनु पर्ने भनी आवश्यक देखेका अन्य विषयमा विद्या परिषदले आवश्यक कार्य गर्ने व्यवस्था गर्नु पर्ने भएको। | विद्यापरिषद्को कार्य प्राज्ञिक निर्देशकबाट थप हुन जाने। | विद्या परिषदको कार्य थप हुने। |
| १० | १५(२) | विषय समिति सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | विषय समितिसम्बन्धी व्यवस्था नियमावलीमा निर्धारण हुन जाने। | विषय समितिसम्बन्धी व्यवस्था व्यवस्थित, प्रभावकारी र समयसापेक्ष हुने। |
| ११ | १६(३) | स्कूलसम्बन्धी अन्य व्यवस्था नियमावलीमा निर्धारण गर्नु पर्ने भएको। | स्कुलसम्बन्धी व्यवस्था नियमावलीमा निर्धारण हुन जाने। | विश्वविद्यालयको स्कुलको स्थापना तथा सञ्चालनसम्बन्धी कार्य व्यवस्थित हुने। |
| १२ | १७(३) | अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको सञ्चालन नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको सञ्चालनसम्बन्धी व्यवस्था नियमावलीमा निर्धारण हुन जाने। | अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको सञ्चालन व्यवस्थित हुने। |

| | | | | |
|---|---|---|---|---|
| १३ | १८(३) | अस्पतालको सञ्चालन नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | अस्पतालको सञ्चालनसम्बन्धी व्यवस्था नियमावलीमा निर्धारण हुन जाने। | अस्पतालको सञ्चालनसम्बन्धी व्यवस्था व्यवस्थित हुने। |
| १४ | १९(४) | उत्पादन केन्द्र सञ्चालन तथा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | उत्पादन केन्द्र सञ्चालन तथा बिक्री वितरण सम्बन्धी व्यवस्था नियमावलीमा निर्धारण हुन जाने। | उत्पादन केन्द्र सञ्चालन तथा बिक्री वितरण सम्बन्धी व्यवस्था हुने। |
| १५ | २०(६) | अध्यक्षको सेवा सुविधा नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | अध्यक्षको सेवा सुविधा सम्बन्धी व्यवस्था नियमावलीमा निर्धारण हुन जाने। | अध्यक्षको सेवा सुविधा सम्बन्धी व्यवस्था हुने। |
| १६ | २१ (६) | प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको अनुपस्थितिमा निजको काम अध्यक्षले तोकेको पदाधिकारीले गर्ने गरी व्यवस्था गर्नु पर्ने भएको। | प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको अनुपस्थितिमा कार्य प्रभावित हुन नजाने व्यवस्था गर्नु पर्ने। | प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको अनुपस्थितिमा अध्यक्षले तोकेको पदाधिकारीबाट कार्य सञ्चालन हुने। |
| १७ | २३ (ठ) | प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको अन्य कार्य संरक्षण परिषद् वा अध्यक्षले निर्देशन गरे बमोजिमको हुने व्यवस्था गर्नु पर्ने भएको। | प्राज्ञिक मामिला हेर्ने अपाध्यक्षको कार्य संरक्षण परिषद् वा अध्यक्षले निर्देशन गरे बमोजिम हुने गरी गर्ने। | भई परी आउने तथा अन्य अवस्थाका कार्य सञ्चालन व्यवस्थित हुन जाने। |
| १८ | २४ (६) | व्यवस्थापन हेर्ने उपाध्यक्षको अनुपस्थितिमा निजको काम अध्यक्षले तोकेको पदाधिकारीले गर्ने गरी व्यवस्था गर्नु पर्ने भएको। | व्यवस्थापन हेर्ने उपाध्यक्षको अनुपस्थितिमा निजको काम अध्यक्षले तोकेको पदाधिकारीबाट सम्पादन भई कार्य निरन्तरता हुने। | व्यवस्थापन हेर्ने उपाध्यक्षको अनुपस्थितिमा कार्य निरन्तरता हुन जाने। |
| १९ | २६ (१) (ढ) | व्यवस्थापन हेर्ने उपाध्यक्षको अन्य कार्य कार्यकारी परिषद् तथा अध्यक्षले निर्देशन गरेबमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने भएको। | व्यवस्थापन हेर्ने अपाध्यक्षको कार्य संरक्षण परिषद् वा अध्यक्षले निर्देशन गरे बमोजिम हुने गरी गर्ने। | भई परी आउने तथा अन्य अवस्थाका कार्य सञ्चालन व्यवस्थित हुने। |
| २० | २८ (ज) | प्राज्ञिक निर्देशकले संरक्षक परिषद्, प्राज्ञिक परिषद् र कार्यकारी | प्राज्ञिक निर्देशकले संरक्षक परिषद्, प्राज्ञिक परिषद् र कार्यकारी परिषद्बाट तोकिएका | प्राज्ञिक निर्देशकबाट सम्पादन हुने कार्य व्यवस्थित हुने। |



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | परिषद्बाट तोकिएका काम गर्ने, गराउने गरी व्यवस्था गर्नु पर्ने भएको। | काम गर्ने, गराउने व्यवस्था हुने। | |
| २१ | २९ (४) | अनुसन्धान निर्देशकको काम, कर्तव्य र अधिकार नियमावलीमा बमोजिम हुने व्यवस्था गर्नु पर्ने भएको। | अनुसन्धान निर्देशकको काम, कर्तव्य र अधिकार नियमावलीमा निर्धारण हुने। | अनुसन्धान निर्देशकको काम, कर्तव्य र अधिकारमा स्पष्ट हुने। |
| २२ | ३० (४) | अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार नियमावलीमा निर्धारण हुने। | अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकारमा स्पष्ट हुने। |
| २३ | ३१ (४) | आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशकको काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशकको काम, कर्तव्य र अधिकार नियमावलीमा निर्धारण हुन जाने। | आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशकको काम, कर्तव्य र अधिकारमा स्पष्ट हुने। |
| २४ | ३२ (४) | प्रमुख सञ्चालन अधिकृतको काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | प्रमुख सञ्चालन अधिकृतको काम, कर्तव्य र अधिकार नियमावलीमा निर्धारण हुन जाने। | प्रमुख सञ्चालन अधिकृतको काम, कर्तव्य र अधिकारमा स्पष्ट हुने। |
| २५ | ३३ | विश्वविद्यालयको उपाध्यक्ष, प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक तथा प्रमुख सञ्चालन अधिकृतको पारिश्रमिक, सुविधा र सेवाका सर्त नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | विश्वविद्यालयको उपाध्यक्ष, प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक तथा प्रमुख सञ्चालन अधिकृतको पारिश्रमिक, सुविधा र सेवाका सर्त नियमावली बमोजिम हुन जाने। | पारिश्रमिक, सुविधा र सेवाका सर्त नियमावली बमोजिम हुने। |
| २६ | ३४(६) | विश्वविद्यालयको अध्यक्ष तथा उपाध्यक्ष निलम्बन भएको अवस्थामा त्यस्तो निलम्बन भएको अवधिभर | विश्वविद्यालयको अध्यक्ष तथा उपाध्यक्ष निलम्बन भएको अवधिभर कार्य सञ्चालन गर्न संरक्षक परिषद्ले | अध्यक्ष वा उपाध्यक्ष निलम्बन भएको अवस्थामासमेत विश्वविद्यालय नियमितरुपमा सञ्चालन |

| | | | | |
|---|---|---|---|---|
| | | कार्य सञ्चालन गर्न संरक्षक परिषद्ले विश्वविद्यालयको कुनै पदाधिकारीलाई तोक्न सक्ने व्यवस्था गर्नु पर्ने भएको। | विश्वविद्यालयको कुनै पदाधिकारीलाई तोक्न सक्ने। | हुने। |
| २७ | ३६(५) | विश्विद्यालयमा करारमा काममा लगाइएका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य, अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका सर्तहरू करारमा उल्लेख भए बमोजिम हुने व्यवस्था गर्नु पर्ने भएको। | विश्विद्यालयमा करारमा काममा लगाइएका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य, अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका सर्तहरू करारमा उल्लेख भएबमोजिम हुन जाने। | विश्वविद्यालयको कार्यसञ्चालन प्रभावकारी हुने। |
| २८ | ३९(६) | विश्वविद्यालयको कोष र खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | विश्वविद्यालयको कोष र खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुन जाने। | विश्वविद्यालयको कोष र खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था व्यवस्थित हुने। |
| २९ | ४२(४) | विश्वविद्यालयबाट प्रदान हुने उपाधि, प्रमाणपत्र, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | विश्वविद्यालयबाट प्रदान हुने उपाधि, प्रमाणपत्र, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था नियमावली बमोजिम हुन जाने। | विश्वविद्यालयबाट प्रदान हुने उपाधि, प्रमाणपत्र, समकक्षता, मान्यता र स्तर निर्धारणसम्बन्धी व्यवस्था व्यवस्थित हुने। |
| ३० | ४३ (२) | विश्वविद्यालयमा अध्ययन अनुसन्धान कार्यमा संलग्न हुनेलाई समेत रोयल्टीको केही हिस्सा दिन सकिने गरी नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | रोयल्टीसमेत उपलब्ध हुन सक्ने अवस्था स्पष्ट रुपमा नियमावलीमा खुल्न जाने। | बौद्धिक सम्पत्तिको संरक्षण हुने। |
| ३१ | ४४ | विश्वविद्यालयमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैर | विश्वविद्यालयमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई संरक्षक | विश्वविद्यालयको शैक्षिक गुणस्तर हासिल हुने। |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | आवासीय नेपाली नागरिकलाई संरक्षक परिषद्को अध्यक्ष बाहेकको पदाधिकारी, शिक्षक वा कर्मचारीका रूपमा प्रचलित कानूनको अधीनमा रही नियुक्ति वा मनोनयन गर्न सकिने व्यवस्था गर्नु पर्ने भएको। | परिषद्को अध्यक्ष बाहेकको पदाधिकारी, शिक्षक वा कर्मचारीका रूपमा नियुक्ति वा मनोनयन गर्न सकिने। | |
| ३२ | ४५(३) | विश्वविद्यालयले उपलब्ध गराउने छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | विश्वविद्यालयले उपलब्ध गराउने छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्थित हुन जाने। | छात्रवृत्तिसम्बन्धी व्यवस्था व्यवस्थित हुने। |
| ३३ | ४६ | चिकित्सा शिक्षा अन्तर्गतका कार्यक्रमहरूको सिट निर्धारण, विद्यार्थी भर्ना, छात्रवृत्ति, शिक्षण शुल्क सम्बन्धी व्यवस्था चिकित्सा शिक्षा आयोगबाट निर्धारण भए बमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने भएको। | चिकित्सा शिक्षा अन्तर्गतका कार्यक्रमहरूको सिट निर्धारण, विद्यार्थी भर्ना, छात्रवृत्ति, शिक्षण शुल्क सम्बन्धी व्यवस्था चिकित्सा शिक्षा आयोगबाट निर्धारण भए बमोजिम हुन जाने। | राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम कार्यक्रमहरूको सिट निर्धारण, विद्यार्थी भर्ना, छात्रवृत्ति, शिक्षण शुल्क सम्बन्धी व्यवस्था हुने। |
| ३४ | ४९(१) | संरक्षक परिषद्ले प्रत्येक पाँच वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि लगायतका विषयमा नियमावलीमा व्यवस्था भए बमोजिम बाह्य पक्षबाट मूल्याङ्कन गराउन सक्ने व्यवस्था गर्नु पर्ने भएको। | संरक्षक परिषद्ले प्रत्येक पाँच वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि लगायतका विषयमा नियमावलीमा व्यवस्था भए बमोजिम बाह्य पक्षबाट मूल्याङ्कन हुन जाने। | शैक्षिक गुणस्तर तथा उत्पादन र स्वास्थ्य सेवा प्रभावकारी हुने। |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ३५ | ५३ | संरक्षण परिषद्को बैठक कुनै कारणले बस्न नसकी काम कारवाही अवरुद्ध हुन गएमा नेपाल सरकारले विश्वविद्यालयलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गर्नु पर्ने भएको। | संरक्षण परिषद्को बैठक कुनै कारणले बस्न नसकेको अवस्थामा विश्वविद्यालयसम्बन्धी कार्य प्रभावित नहुने। | संरक्षण परिषद्को बैठक कुनै कारणले बस्न नसकेको अवस्थामा अध्ययन अध्यापन सहितका कार्य नियमित हुने। |
| ३६ | ५४ | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयले नेपाल सरकारको पूर्व स्वीकृति बिना अचल सम्पत्ति बेचबिखन गर्न, लिजमा दिन र धितो राख्न नपाउने व्यवस्था गर्नु पर्ने भएको। | विश्वविद्यालयले नेपाल सरकारको पूर्व स्वीकृति बिना अचल सम्पत्ति बेचबिखन गर्न, लिजमा दिन र धितो राख्न नपाउने व्यवस्था हुन जाने। | विश्वविद्यालयले नेपाल सरकारको पूर्व स्वीकृति बिना अचल सम्पत्ति बेचबिखन गर्न, लिजमा दिन र धितो राख्न नपाउने व्यवस्था हुने। |
| ३७ | ५६(२) | विश्वविद्यालयमा गठित विभिन्न समिति, उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन हुँदा निर्धारण भए बमोजिम व्यवस्था गर्नु पर्ने भएको। | विश्वविद्यालयमा गठित विभिन्न समिति, उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन हुँदा निर्धारण हुन जाने। | विश्वविद्यालयमा गठित विभिन्न समिति, उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार स्पष्ट हुने। |
| ३८ | ५७ | तिलगङ्गा नेत्र विश्वविद्यालयसम्बन्धी ऐनको कार्यान्वयनको लागि संरक्षक परिषद्ले आवश्यक नियम बनाउन सक्ने व्यवस्था गर्नु पर्ने भएको। | यस ऐनको कार्यान्वयनको लागि संरक्षक परिषदले नियमावली बनाउन सक्ने गरी विधायिकी अधिकार संरक्षक परिषदबाट सम्पादन हुन जाने। | विश्वविद्यालयलाई आवश्यक पर्ने नियमावली यस ऐनको परिधिभित्र रही संरक्षक परिषदबाट जारी हुने। |
| ३९ | ५८ | यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संरक्षक परिषद्ले कर्मचारी | संरक्षक परिषदले ऐन तथा नियमावलीको परिधि तथा अख्तियारी अन्तर्गत रही कर्मचारी प्रशासन र आर्थिक | विश्वविद्यालयको कर्मचारी प्रशासन र आर्थिक प्रशासन व्यवस्थित हुने। |

| | | | | |
|---|---|---|---|---|
| | | प्रशासन र आर्थिक प्रशासन सम्बन्धमा आवश्यक विनियमहरू बनाउन सक्ने व्यवस्था गर्नु पर्ने भएको। | प्रशासन सम्बन्धमा आवश्यक विनियमहरू बनाउन सक्ने। | |
| ४० | ५९(२) | संरक्षक परिषदले विश्वविद्यालयको लागि नियमावली तथा विनियमावली बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने रहेछ भने सो विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था गर्नु पर्ने भएको। | संरक्षक परिषदले नेपाल सरकारलाई दायित्व पर्ने गरी कुनै प्रत्यायोजित विधायन जारी गर्नु पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था हुन जाने। | नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकारको स्वीकृति अनिवार्य हुने। |
| ४१ | ६० | संरक्षक परिषदले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्ने व्यवस्था गर्नु पर्ने भएको। | संरक्षक परिषदले ऐन तथा नियमको अधीनमा रही निर्देशिका र कार्यविधि बनाउने व्यवस्था हुन जाने। | संरक्षक परिषदबाट आवश्यक निर्देशिका र कार्यविधि जारी हुने। |
| ४२ | ६१ | विश्वविद्यालयको काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि विश्वविद्यालयका संगठनले आवश्यकता अनुसार मापदण्ड बनाई लागू गर्न वा गराउन सक्ने व्यवस्था गर्नु पर्ने भएको। | विश्वविद्यालयका संगठनबाट आवश्यकता अनुसार मापदण्ड बनाई लागू गर्न वा गराउन सक्ने व्यवस्था हुन जाने। | विश्वविद्यालयको काम कारबाहीलाई प्रभावकारी हुने। |
| ४३ | ६२(४) | ऐन प्रारम्भ हुँदाको बखत आँखा चिकित्सा शिक्षातर्फका शैक्षिक कार्यक्रममा भर्ना भएको विद्यार्थी जुन विश्वविद्यालयको शैक्षिक | अध्ययनरत विद्यार्थीका सम्बन्धमा समस्या आउन नदिन र त्यस्ता समस्या आए विश्वविद्यालयबाट समाधान हुन जाने। | ऐन प्रारम्भ हुनु अघिका विषयमा समस्या समाधान हुने। |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | कार्यक्रम अन्तर्गत भर्ना भएका हुन् सोही विश्वविद्यालयको शैक्षिक कार्यक्रम बमोजिम प्रमाणपत्र प्राप्त गर्न सक्ने र तत्सम्बन्धमा आवश्यक व्यवस्था परिषदले मिलाउने व्यवस्था गर्नु पर्ने भएको। | | |
| ४४ | ६२ (५) | नेपाल आँखा कार्यक्रम र अन्धोपन निवारण संस्थामा कार्यरत स्थायी शिक्षक तथा कर्मचारी विश्वविद्यालयमा सर्ने र सो बाहेक अन्यका हकमा कार्यकारी परिषद्बाट निर्णय भए बमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने भएको। | नेपाल आँखा कार्यक्रम र अन्धोपन निवारण संस्थामा कार्यरत स्थायी शिक्षक तथा कर्मचारी विश्वविद्यालयमा सर्ने र सो बाहेक अन्यका हकमा कार्यकारी परिषद्बाट निर्णय भए बमोजिम हुने गरी शिक्षक कर्मचारीको संरक्षण हुन जाने। | नेपाल आँखा कार्यक्रम र अन्धोपन निवारण संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीको संरक्षण तथा पेशागत सुरक्षा कायम हुने। |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

## तिलगङ्गा नेत्र विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम तिलगङ्गा नेत्र विश्वविद्यालय ऐन, २०८१" रहेको र यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौ दिनदेखी प्रारम्भ हुने व्यवस्था गरिएको छ। |
| २ | परिभाषा | प्रस्तुत ऐनमा पटक पटक दोहोरिएका अध्यक्ष, तोकिएको वा तोकिए बमोजिम, पदाधिकारी, प्राज्ञिक परिषद्, मन्त्रालय र विश्वविद्यालय जस्ता शब्दहरुको परिभाषा गरिएको छ। |
| ३ | विश्वविद्यालय को स्थापना | आँखा स्वास्थ्य शिक्षाको क्षेत्रमा गुणस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न, आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गरी विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा प्रदान गर्न, आँखा उपचार सम्बन्धी वस्तु उत्पादन तथा आँखा स्वास्थ्यको क्षेत्रमा नविनतम प्रविधिको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सेवा विस्तार गर्ने प्रयोजनका लागि मानित विश्वविद्यालयका रूपमा तिलगङ्गा नेत्र विश्वविद्यालयको स्थापना गरिएको छ भने विश्वविद्यालयको मुख्य कार्यालय परिषदले तोकेबमोजिम हुने व्यवस्था गरिएको छ। |
| ४ | विश्वविद्यालय स्वशासित र सङ्गठित संस्था हुने | विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था तथा कानूनी व्यक्ति हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ५ | विश्वविद्यालय को सङ्गठन | विश्वविद्यालयको सङ्गठनात्मक संरचनामा संरक्षक परिषद, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, स्कुल, अनुसन्धान तथा विकास केन्द्र, उत्पादन केन्द्र, शिक्षण अस्पताल, विद्यापरिषद रहने व्यवस्था यस दफामा गरिएको छ। |
| ६ | विश्वविद्यालय का पदाधिकारीहरु | विश्वविद्यालयमा रहने पदाधिकारीमा अध्यक्ष, उपाध्याक्ष, निर्देशक, प्रमुख सञ्चालन अधिकृत रहने व्यवस्था गरिएको छ भने प्राज्ञिक, अनुसन्धान, अस्पताल र आर्थिक तथा स्रोत व्यवस्थापन गरी चार जना निर्देशक रहने व्यवस्था यस दफामा गरिएको छ। |
| ७ | संरक्षक परिषद | विश्वविद्यालयको सर्वोच्च निकायको रूपमा संरक्षक परिषद रहेको छ। प्रस्तुत विधेयकमा संरक्षक परिषदमा सहसचिव शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सहसचिव स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, चिकित्सा शिक्षा आयोगको निर्देशक, विश्वविद्यालयको प्राज्ञिक मामला हेर्ने उपाध्यक्ष, मान्यता प्राप्त विश्वविद्यालयबाट नेत्र चिकित्सा विधामा स्नातकोत्तर उपाधि प्राप्त गरेको र नेत्र रोग विशेषज्ञको रुपमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव भएको व्यक्तिमध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना, आँखा स्वास्थ्य सम्बन्धी सामुदायिक संस्थाको सञ्चालकका रूपमा उत्कृष्ट योगदान पुऱ्याएका व्यक्तिमध्येबाट कम्तीमा दुई जना महिला सहित ६ जना, आँखा स्वास्थ्य क्षेत्रमा कार्यरत विज्ञहरुमध्येबाट एक जना, विश्वविद्यालयलाई सहयोग उपलब्ध गराउने दातामध्येबाट एक जना र |

| | | |
|---|---|---|
| | | विश्वविद्यालयको व्यवस्थापन मामिला हेर्ने उपाध्यक्ष सदस्य सचिव रहने व्यवस्था गरिएको छ। संरक्षक परिषदमा पन्ध्र सदस्य रहने, संरक्षक परिषद सदस्य हुनको लागि योग्यताको व्यवस्था, पदरिक्त हुनुभन्दा अगावै मनोनयनको प्रक्रिया सम्पन्न गर्नु पर्ने, कर्तव्य पालन नगरेको अवस्थामा पदबाट हटाउन सकिने व्यवस्था गरिएको छ। पदबाट हटाउनु अघि सफाईको मौका दिनु पर्ने, अध्यक्षको पदमा विदेशी नागरिक छनोट गर्न नसकिने, मनोनीत सदस्यको पदावधि चार वर्षको हुने, अध्यक्ष छनोट नहुँदासम्म मन्त्रालयको सहसचिवले अध्यक्षता गर्ने तथा पहिलो पटकको लागि नेपाल आँखा कार्यक्रमको तत्काल कायम सञ्चालक समितिको सिफारिसमा मन्त्रालयले मनोनीत हुने सदस्यको मनोनयन गर्ने, संरक्षक परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि संरक्षक परिषद्ले निर्धारण गरे बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ८ | संरक्षक परिषदको काम, कर्तव्य र अधिकार | अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त विश्वविद्यालयको प्राज्ञिक, शैक्षिक, आर्थिक र व्यवस्थापकीय नीति तथा मापदण्ड निर्धारण गर्ने, विश्वविद्यालयको उद्देश्य अनुरूप विश्वविद्यालयको अल्पकालीन तथा दीर्घकालीन योजना तथा रणनीति स्वीकृत गर्ने, विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने, विश्वविद्यालयका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने वा गराउने,विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरू निर्धारण र स्वीकृत गर्ने सहितका विश्वविद्यालयको नीतिगत कार्य संरक्षक परिषदबाट हुने व्यवस्था गरिएको छ। विश्वविद्यालयको सर्वोच्च निकायको रुपमा रहने व्यवस्था गरिएको छ। |
| ९ | कार्यकारी परिषद्को गठन | विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न व्यवस्थापन हेर्ने उपाध्यक्षको अध्यक्षतामा पाँच सदस्य रहेको कार्यकारी परिषद् रहने, यसको बैठकसम्बन्धी कार्यविधि कार्यकारी परिषदबाट निर्धारण भए बमोजिम हुने तथा बैठकमा सम्बन्धित क्षेत्रको विशेषज्ञलाई आमन्त्रण गर्न सकिने व्यवस्था यस दफामा गरिएको छ। |
| १० | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारमा परिषद्को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने, संरक्षक परिषदको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने वा गराउने, विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि संरक्षक परिषदमा पेश गर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ११ | प्राज्ञिक परिद्को गठन | विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यलाई व्यवस्थित गर्ने निकायको रूपमा काम गर्न प्राज्ञिक परिषद् रहने र यसमा प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको अध्यक्षतामा एघार सदस्य हुने व्यवस्था यस दफामा गरिएको छ । |
| १२ | प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार | विश्वविद्यालयको विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन र प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित, नियमित र गुणस्तरयुक्त बनाउने सहितका कार्य प्राज्ञिक परिषद्को हुने व्यवस्था यस दफामा गरिएको छ । |
| १३ | विद्या परिषद् | स्कूलको प्राज्ञिक निकायको रूपमा काम गर्न प्राज्ञिक निर्देशकको संयोजकत्वमा एक विद्या परिषद् रहने तथा विद्या परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले |



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | | निर्धारण गरे बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १४ | विद्या परिषद्को काम, कर्तव्य र अधिकार | प्राज्ञिक परिषद्ले विद्यार्थी भर्नाका लागि निर्धारण गरेको योग्यताको आधारमा विद्यार्थी छनोटको आधार र प्रक्रिया तथा सिट सङ्ख्या तोक्न सिफारिस गर्ने सहितका सहितका कार्य विद्या परिषद्को हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १५ | विषय समिति | विद्या परिषद्को काम कारबाहीलाई सघाउ पुऱ्याउन आवश्यक संख्यामा विषय समिति रहने तथा विषय समितिको गठन, काम र कर्तव्य सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १६ | स्कूल | विश्वविद्यालयमा विश्वविद्यालय अन्तर्गत आँखा स्वास्थ्य विज्ञान स्कूल (स्कूल अफ अप्थाल्मिक साइन्स) स्थापना र सञ्चालन हुने, स्कुलसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १७ | अनुसन्धान तथा नवप्रवर्तन केन्द्र | विश्वविद्यालयले आफ्नो विषय क्षेत्रमा अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्य गर्नका लागि आवश्यकता अनुसार अनुसन्धान केन्द्र स्थापना तथा सञ्चालन गर्ने, अनुसन्धान तथा नवप्रवर्तन केन्द्र सञ्चालन गर्दा सरकारी, सहकारी, निजी क्षेत्र र स्थानीय समुदायसँग समन्वय तथा सहकार्य गर्न सक्ने, अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १८ | शिक्षण अस्पताल | विश्वविद्यालयले अध्ययन अध्यापन तथा स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि आफ्नो स्कूलको अभिन्न अङ्गका रूपमा शिक्षण अस्पताल स्थापना र सञ्चालन गर्नु पर्ने, शिक्षण अस्पताल सञ्चालन गर्दा नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र चिकित्सा शिक्षा आयोगले निर्धारण गरेको मापदण्डको पालना गर्नु पर्ने तथा शिक्षण अस्पतालको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १९ | उत्पादन केन्द्र | विश्वविद्यालयले आँखा स्वास्थ्य तथा उपचार सम्बन्धी वस्तु उत्पादन र बिक्री वितरण गर्नको लागि आवश्यकता अनुसार उत्पादन केन्द्र स्थापना तथा सञ्चालन गर्ने, उत्पादन केन्द्रले कार्यकारी परिषद्को स्वीकृति लिई सरकारी, सहकारी र निजी क्षेत्रसँग सहकार्य गर्न सक्ने तथा उत्पादन केन्द्रले कार्यकारी परिषद्को स्वीकृतिमा उत्पादन गरेका वस्तुको गुणस्तर परीक्षण तथा नियन्त्रण, ब्राण्डिङ तथा बिक्री मूल्य निर्धारण गर्न सक्ने र यसको सञ्चालन तथा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २० | अध्यक्ष | विश्वविद्यालयको प्रमुखको रुपमा एक जना अध्यक्ष रहने, निज संरक्षक परिषदको अध्यक्ष हुने, अध्यक्ष विश्वविद्यालयको प्रमुख हुने, विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता निजले गर्ने, अध्यक्षले आवश्यताअनुसार निर्देशन दिने सहितका कार्य अध्यक्षको हुने र अध्यक्षको पदावधि चार वर्षको हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २१ | प्राज्ञिक मामिला हेर्ने उपाध्यक्ष | विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक मामिला हेर्ने प्रमुख पदाधिकारीका रूपमा एक उपाध्यक्ष रहने, निज उपाध्यक्ष विश्वविद्यालयको पूरा समय काम गर्ने पदाधिकारी हुने, अध्यक्षको सिफारिसमा संरक्षक परिषद्बाट प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको |



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | | नियुक्ति हुने, प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको पदावधि चार वर्षको हुने र निजको पुन: नियुक्ति हुन सक्ने, प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षले अध्यक्षको सामान्य नियन्त्रण र निर्देशनमा रही कार्यसम्पादन गर्ने, प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको अनुपस्थितिमा निजको काम अध्यक्षले तोकेको पदाधिकारीले गर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| २२ | प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको योग्यता | मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा नेत्र चिकित्सा विधामा स्नातकोत्तर उपाधि प्राप्त गरेको,प्राज्ञिक वा शैक्षिक प्रशासन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव भएको, प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको, प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको, चालीस वर्ष उमेर पूरा भएको हुनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| २३ | प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको काम, कर्तव्य र अधिकार | प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको काम, कर्तव्य र अधिकारमा विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी विषयको नेतृत्व र समन्वय गर्ने,स्कुल, शिक्षण अस्पताल, अनुसन्धान तथा नवप्रवर्तन केन्द्र, शिक्षण अभ्यास लगायतका कार्यक्रमहरूको नेतृत्व र समन्वय गर्ने,शैक्षिक कार्यक्रमको तयारी र कार्यान्वयनका सम्बन्धमा रेखदेख, अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन र कारबाही तथा निर्देशन दिने,पदक, छात्रवृत्ति र शैक्षिक कार्यक्रमसम्बन्धी कार्य गर्ने, पाठ्यक्रम, पाठ्यपुस्तक, पुस्तकालय, परीक्षाको नीति योजना र कार्यक्रमको निर्धारण, समन्वय तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,शैक्षिक, प्राज्ञिक र अनुसन्धानको विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा समन्वय कायम गर्ने,शैक्षिक प्रणालीको नियमन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने, विद्यार्थीको अतिरिक्त क्रियाकलाप, खेलकुद, सामाजिक सेवा सम्बन्धी कार्यक्रमको नीति निर्धारण, समन्वय र मूल्याङ्कन गर्ने, मातहतका पदाधिकारी र शैक्षिक विभाग तथा शिक्षण संस्थाको रेखदेख, नियन्त्रण, मूल्याङ्कन, समन्वय सम्बन्धी कार्य गर्ने, परीक्षाको प्राज्ञिक र शैक्षिक गुणस्तर निर्धारण गर्न निर्देशन दिनेसहितका व्यवस्था यस दफामा गरिएको छ। |
| २४ | व्यवस्थापन हेर्ने उपाध्यक्ष | विश्वविद्यालयको व्यवस्थापकीय मामिला हेर्न एक उपाध्यक्ष रहने, निज विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुने, अध्यक्षको सिफारिसमा संरक्षक परिषद्बाट उपाध्यक्षको नियुक्ति हुने, व्यवस्थापन हेर्ने उपाध्यक्षको पदावधि चार वर्षको हुने र निजको पुन: नियुक्ति हुन सक्ने, व्यवस्थापन हेर्ने उपाध्यक्षले अध्यक्षको सामान्य नियन्त्रण र निर्देशनमा रही कार्यसम्पादन गर्ने, व्यवस्थापन हेर्ने उपाध्यक्षको अनुपस्थितिमा निजको काम अध्यक्षले तोकेको पदाधिकारीले गर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| २५ | व्यवस्थापन हेर्ने उपाध्यक्षको योग्यता | व्यवस्थापन हेर्ने उपाध्यक्षको पदमा नियुक्त हुन मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको, सङ्गठित संस्थाको व्यवस्थापकीय वा प्रशासकीय पदमा कम्तीमा पन्ध्र वर्ष काम गरेको, प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको, विश्वविद्यालयसँग कुनै पनि संस्थागत स्वार्थ नबाझिएको, चालीस वर्ष उमेर पूरा भएको हुनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |

| | | |
|---|---|---|
| २६ | व्यवस्थापन हेर्ने उपाध्यक्षको काम, कर्तव्य र अधिकार | व्यवस्थापन हेर्ने उपाध्यक्षको काम, कर्तव्य र अधिकारमा विश्वविद्यालयको अल्पकालीन र दीर्घकालीन योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने, संरक्षक परिषद्मा गरिने छलफल तथा निर्णयका लागि प्रस्ताव पेश गर्ने, विश्वविद्यालयको सबै कामकारबाही उपर रेखदेख, नियमन र आवश्यकता अनुसार निर्देशन दिने, संरक्षक परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने, अध्यक्षको अनुपस्थितिमा विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता गर्ने, विश्वविद्यालयको शिक्षक तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने, विश्वविद्यालयको कोष सञ्चालन, लेखा र लेखा परीक्षण गर्ने, गराउने, आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजनाको तर्जुमा गर्ने र सोको कार्यान्वयन गर्ने, गराउने, विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नीति तथा योजना तयार गर्ने र सोको कार्यान्वयन गर्ने, गराउने, विश्वविद्यालयको सम्पत्तिको व्यवस्था, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने, विश्वविद्यालय अन्तर्गतका सबै निकायको निरीक्षण गर्ने र प्रशासन तथा व्यवस्थापन कार्यमा कुनै त्रुटि देखिएमा सुधार गर्ने, विश्वविद्यालयद्वारा सञ्चालन गरिने परीक्षाको रेखदेख, नियन्त्रण र व्यवस्था गर्ने, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएका कामहरू बाहेक अन्य कामहरू गर्ने, कार्यकारी परिषद् तथा अध्यक्षले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने काम, कर्तव्य र अधिकार व्यवस्थापन हेर्ने उपाध्यक्षको हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २७ | प्राज्ञिक निर्देशक | स्कुल प्रमुखको हैसियतमा काम गर्ने पदाधिकारीको रूपमा प्राज्ञिक निर्देशक रहने, बरिष्ठ नेत्र रोग विशेषज्ञ वा शल्य चिकित्सकमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा संरक्षक परिषद्ले प्राज्ञिक निर्देशक नियुक्ति गर्ने तथा प्राज्ञिक निर्देशकको पदावधि चार वर्षको हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २८ | प्राज्ञिक निर्देशकको काम, कर्तव्य र अधिकार | यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राज्ञिक निर्देशकको काम, कर्तव्य र अधिकारमा स्कुल प्रमुखको रूपमा प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने, स्कुल अन्तर्गत सञ्चालन हुने शैक्षिक कार्यक्रम, विद्यार्थी भर्ना, सिट निर्धारण, उपाधि, पाठ्यक्रम विकास, परीक्षा सञ्चालन तथा व्यवस्थपन सम्बन्धी कार्य गर्ने, गराउने, विश्वविद्यालय अन्तर्गतका विषयहरूमा पठनपाठन र अनुसन्धानको स्तर विकासका लागि आवश्यक कार्य गर्ने, गराउने, वार्षिक शैक्षिक क्यालेण्डर तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने, शैक्षिक कार्यक्रमका निमित्त चाहिने पूर्वाधार तथा सुविधा निर्धारण र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने, गराउने, विद्या परिषद् र विषय समितिहरूको क्रियाकलापमा समन्वय गर्ने, प्राज्ञिक परिषद्बाट स्वीकृति लिनुपर्ने विषयको प्रस्ताव तयार गरी प्राज्ञिक परिषद् समक्ष पेश गर्ने, गराउने, संरक्षक परिषद्, प्राज्ञिक परिषद् र कार्यकारी परिषद्बाट तोकिएका काम गर्ने, गराउने व्यवस्था यस दफामा गरिएको छ। |
| २९ | अनुसन्धान निर्देशक | विश्वविद्यालयको अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको प्रमुखको रूपमा कार्य गर्न एक अनुसन्धान निर्देशक रहने, मान्यताप्राप्त विश्वविद्यालयबाट नेत्र चिकित्सा विधामा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित विषय र क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको व्यक्तिमध्ये कार्यकारी परिषद्को सिफारिसमा संरक्षक |



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | | परिषद्ले अनुसन्धान निर्देशक नियुक्ति गर्ने, अनुसन्धान निर्देशकको पदावधि चार वर्षको हुने तथा अनुसन्धान निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३० | अस्पताल निर्देशक | विश्वविद्यालयको स्कुलका लागि सञ्चालित शिक्षण अस्पतालको प्रमुखको रुपमा काम गर्नको लागि बरिष्ठ नेत्र रोग विशेषज्ञ वा शल्य चिकित्सकमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा संरक्षक परिषद्ले अस्पताल निर्देशकको नियुक्ति गर्ने, अस्पताल निर्देशक शिक्षण अस्पतालको पूरा समय काम गर्ने पदाधिकारी हुने, अस्पताल निर्देशकको पदावधि चार वर्षको हुने तथा अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३१ | आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक | विश्वविद्यालयमा उत्पादन केन्द्र र आर्थिक तथा स्रोत व्यवस्थापनसम्बन्धी विषय हेर्न कार्यकारी परिषद्को सिफारिसमा संरक्षक परिषद्ले आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक नियुक्ति गर्ने, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक पूरा समय काम गर्ने पदाधिकारी हुने, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशकको पदावधि चार वर्षको हुने तथा आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशकको योग्यता, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३२ | प्रमुख सञ्चालन अधिकृत | विश्वविद्यालयको सामान्य प्रशासन तथा मानव स्रोत सम्बन्धी विषय हेर्न एक प्रमुख सञ्चालन अधिकृत रहने, मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित विषय र क्षेत्रमा कम्तीमा सात वर्षको कार्य अनुभव हासिल गरेको व्यक्तिमध्ये कार्यकारी परिषद्को सिफारिसमा संरक्षक परिषद्ले प्रमुख सञ्चालन अधिकृत नियुक्ति गर्ने, प्रमुख सञ्चालन अधिकृतको पदावधि चार वर्षको हुने र निजको पुन: नियुक्ति हुन सक्ने, प्रमुख सञ्चालन अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३३ | पारिश्रमिक तथा सुविधा | विश्वविद्यालयमा नियुक्त हुने उपाध्यक्ष, प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक तथा प्रमुख सञ्चालन अधिकृतको पारिश्रमिक, सुविधा र सेवाका सर्त निमायवलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३४ | पदमुक्त हुने अवस्था | अध्यक्ष र उपाध्यक्षले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरुपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी आधार र कारणसहित संरक्षक परिषद्मा तत्काल कायम रहेका एक चौथाई सदस्यले अध्यक्षको हकमा व्यवस्थापन हेर्ने उपाध्यक्ष समक्ष र उपाध्यक्षको हकमा अध्यक्ष समक्ष लिखित निवेदन दिएमा संरक्षक परिषद्का तीन जना सदस्य रहेको छानबिन समिति गठन गर्ने, अध्यक्ष विरुद्ध निवेदन परेमा संरक्षक परिषद्को व्यवस्थापन हेर्ने उपाध्यक्षले छानबिन समिति गठन गर्ने प्रयोजनको लागि संरक्षक परिषद्को बैठक बोलाउने, छानबिन समितिले अध्यक्ष वा उपाध्यक्षले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको भनी सिफारिस गरेमा र त्यस्तो सिफारिस संरक्षक परिषद्को बैठकबाट बहुमतले पारित भएमा त्यस्तो पदाधिकारी पदमुक्त हुने, छानबिन समिति गठन भएपछि संरक्षक परिषद्बाट निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वत: |

| | | |
|---|---|---|
| | | निलम्बन हुने, पदबाट हटाउने सिफारिस गर्नु अघि छानबिन समितिले निज उपर लागेको आरोपको सफाई पेश गर्ने मनासिब मौका दिनु पर्ने, अध्यक्ष तथा उपाध्यक्ष निलम्बन भएको अवस्थामा त्यस्तो निलम्बन भएको अवधिभर कार्य सञ्चालन गर्न संरक्षक परिषद्ले विश्वविद्यालयको कुनै पदाधिकारीलाई तोक्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ३५ | प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक वा प्रमुख सञ्चालन अधिकृत पदमुक्त हुने अवस्था | प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक वा प्रमुख सञ्चालन अधिकृतले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण पालना नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी आधार र कारण खुलाई कसैले प्रमाण सहित कार्यकारी परिषद् समक्ष निवेदन दिन सक्ने, यस्तो निवेदन उपर छानबिन गर्ने प्रयोजनको लागि कार्यकारी परिषद्ले आफ्नो कुनै सदस्यको अध्यक्षतामा तीन जना सदस्य रहेको छानबिन समिति गठन गर्न सक्ने, छानबिन समितिले प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक वा प्रमुख सञ्चालन अधिकृतको सम्बन्धमा परेको उजुरी सम्बन्धी विषयमा आवश्यक छानविन गरी कार्यकारी परिषद्समक्ष प्रतिवेदन पेस गर्ने, कार्यकारी परिषद्ले पेस भएको प्रतिवेदन अध्ययन गर्दा त्यस्तो प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक वा प्रमुख सञ्चालन अधिकृतलाई पदबाट हटाउनु पर्ने देखिएमा त्यस्तो पदबाट हटाउन संरक्षक परिषद् समक्ष सिफारिस गर्ने, यसरी भएको सिफारिसको आधारमा संरक्षक परिषद्ले प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक वा प्रमुख सञ्चालन अधिकृतलाई पदबाट हटाउने तथा हटाउनु अघि निजलाई सफाई पेस गर्न मनासिब मौका दिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ३६ | विश्वविद्यालयका शिक्षक तथा कर्मचारी | विश्वविद्यालयमा आवश्यक सङ्ख्यामा शिक्षक तथा कर्मचारीहरु रहने, शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवा गर्ने प्रयोजनको लागि नियमावलीमा व्यवस्था भए बमोजिमको पदपूर्ति समिति रहने, विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य, अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्त तोकिए बमोजिम हुने, शिक्षक तथा कर्मचारी तत्काल पदपूर्ति हुने अवस्था नरहेमा विश्वविद्यालयको स्वीकृत दरबन्दीमा कार्यकारी परिषद्को स्वीकृति लिई सम्बन्धित निर्देशकले करार गरी काममा लगाउन सक्ने, करारमा काममा लगाइएका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य, अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका सर्तहरू करारमा उल्लेख भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३७ | प्राज्ञिक सहकार्य | विश्वविद्यालयले स्वदेशी तथा विदेशी विश्वविद्यालय, शिक्षण संस्था, अस्पतालसँग आँखा स्वास्थ्य सम्बन्धी शैक्षिक कार्यक्रमहरूको अध्ययन, अध्यापन, तालिम, अनुसन्धान, अन्वेषण, नवप्रवर्तन र नवीन प्रविधिको विकास तथा विस्तार र आँखा स्वास्थ्य तथा उपचार सम्बन्धी वस्तु उत्पादन तथा बिक्री वितरणका लागि समन्वय र सहकार्य गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ३८ | पद रिक्त हुने | विश्वविद्यालयका पदाधिकारीको पद निजले आफ्नो पदबाट राजिनामा दिएमा, निजको |

| | | |
|---|---|---|
| | अवस्था | पदावधि पूरा भएमा, निजलाई यस ऐन पदबाट हटाइएमा बमोजिम पद मुक्त भएमा, भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा, अध्यक्षको हकमा गैरनेपाली नागरिक भएमा वा निजले कुनै विदेशी मुलुकको आवासीय अनुमतिपत्र लिएको प्रमाणित भएमा, निजको मृत्यु भएमा पद रिक्त हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३९ | विश्वविद्यालयको कोष | विश्वविद्यालयको एउटा छुट्टै कोष हुने, कोषमा नेपाल आँखा कार्यक्रम र अन्धोपन निवारण समाजबाट हस्तान्तरण भई आएको सम्पूर्ण रकम, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम, विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकम, शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम, स्वदेशी व्यक्ति वा सङ्घसंस्थाबाट प्राप्त रकम, विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट प्राप्त अनुदान वा सहयोग, अन्य स्रोतबाट प्राप्त रकम विश्वविद्यालयको कोषमा रहने व्यवस्था गरिएको छ। विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने, कोषको रकम प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्ने, कोषबाट विश्वविद्यालयको सबै खर्चहरू बेहोरिने, विश्वविद्यालयको कोष र खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा व्यवस्था गरिएको छ। |
| ४० | लेखा र लेखापरीक्षण | विश्वविद्यालयको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने, विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण संरक्षक परिषद्द्वारा नियुक्त लेखापरीक्षकबाट हुने तथा विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४१ | सम्बन्धन | विश्वविद्यालयले कुनै शिक्षण संस्थालाई सम्बन्धन दिनेछैन भनी स्पष्ट व्यवस्था यस दफामा गरिएको छ। विश्वविद्यालयबाट आफ्नो स्कुलमार्फत मात्र शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ४२ | उपाधि, प्रमाणपत्र, समकक्षता र स्तर निर्धारण | विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिएबमोजिमको उपाधि र प्रमाणपत्र प्रदान गर्ने, विश्वविद्यालयले अनुसन्धान र प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्ने, विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो प्रयोजनको लागि मान्यता, समकक्षता र स्तर निर्धारण गर्न सक्ने, उपाधि, प्रमाणपत्र, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४३ | बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार | विश्वविद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विश्वविद्यालयमा सुरक्षित रहने, विश्वविद्यालयका विभिन्न निकायसँग सम्बन्धित रही अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति आर्जनमा |



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | | संलग्न अनुसन्धानकर्ता वा व्यक्तिलाई पहिचान, पुरस्कार वा तोकिए बमोजिम रोयल्टीको केही हिस्सा उपलब्ध गराउन सकिने व्यवस्था यस दफामा गरिएको छ। |
| ४४ | विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई नियुक्ति वा मनोनयन गर्न सकिने | विश्वविद्यालयमा उल्लेखनीय योगदान पुर्‍याउन सक्ने विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई संरक्षक परिषद्को अध्यक्ष बाहेकको पदाधिकारी, शिक्षक वा कर्मचारीका रूपमा प्रचलित कानूनको अधीनमा रही नियुक्ति वा मनोनयन गर्न सकिने व्यवस्था यस दफामा गरिएको छ। |
| ४५ | छात्रवृत्ति उपलब्ध गराउनु पर्ने | विश्वविद्यालयले प्रत्येक शैक्षिक सत्रमा चिकित्सा शिक्षा सम्बन्धी प्रचलित कानून बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्ने, छात्रवृत्ति पाएका विद्यार्थीले गर्नु पर्ने कार्य तथा पालन गर्नु पर्ने कर्तव्य प्रचलित कानून बमोजिम हुने तथा छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४६ | सिट निर्धारण तथा विद्यार्थी भर्ना | चिकित्सा शिक्षा अन्तर्गतका कार्यक्रमहरूको सिट निर्धारण, विद्यार्थी भर्ना, छात्रवृत्ति, शिक्षण शुल्क सम्बन्धी व्यवस्था चिकित्सा शिक्षा आयोगबाट निर्धारण भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४७ | पूर्वयोग्यताका शैक्षिक कार्यक्रमको सञ्चालन | विश्वविद्यालयले सञ्चालन गर्ने स्नातक वा सोभन्दा माथिल्लो तहको शैक्षिक कार्यक्रममा विद्यार्थीको पहुँच अभिवृद्धि तथा अस्पतालका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति विकासका लागि विश्वविद्यालय स्वयंले वा अन्य सङ्घ संस्थासँगको सहकार्य वा साझेदारीमा सम्बन्धित निकायको स्वीकृति लिई आँखा स्वास्थ्य सम्बन्धी पूर्वयोग्यताका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ४८ | वार्षिक प्रतिवेदन | विश्वविद्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन संरक्षक परिषद्मा पेश गर्नु पर्ने, प्रतिवेदनमा विश्वविद्यालयले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण, विश्वविद्यालयको उपलब्धि र चुनौती लगायतका कुराहरू उल्लेख गर्नु पर्ने, संरक्षक परिषद्मा पेश गरिएको प्रतिवेदन विश्वविद्यालयले सार्वजनिक गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ४९ | बाह्य पक्षबाट मूल्याङ्कन गर्न सकिने | संरक्षक परिषद्ले प्रत्येक पाँच वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि लगायतका विषयमा तोकिए बमोजिम बाह्य पक्षबाट मूल्याङ्कन गराउन सक्ने, बाह्य पक्षबाट भएको मूल्याङ्कनको प्रतिवेदन संरक्षक परिषद् समक्ष पेश गर्नु पर्ने, प्रतिवेदन विश्वविद्यालयले सार्वजनिक गर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५० | अधिकार प्रत्यायोजन | संरक्षक परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष, प्राज्ञिक परिषद् वा कार्यकारी |

| | | |
|---|---|---|
| | | परिषद्‌लाई प्रत्यायोजन गर्न सक्ने, प्राज्ञिक परिषद् र कार्यकारी परिषद्‌ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विश्वविद्यालयको कुनै पदाधिकारी, शिक्षक वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५१ | स्वार्थको द्वन्द भएमा काम कारबाही गर्न नहुने | यस ऐन अन्तर्गत मनोनयन वा नियुक्त हुने पदाधिकारीले विश्वविद्यालयको हित वा सरोकारसँग सम्बन्धित विषयमा प्रत्यक्ष वा परोक्ष रुपमा आफ्नो हित, सरोकार वा स्वार्थ रहेको भएमा स्वघोषणा गरी त्यस्तो विषयको निर्णय प्रक्रियाबाट अलग रहनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५२ | नेपाल सरकारसँग सम्पर्क | विश्वविद्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत राख्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५३ | निर्देशन दिन सक्ने | संरक्षण परिषद्‌को बैठक कुनै कारणले बस्न नसकी काम कारवाही अवरुद्ध हुन गएमा नेपाल सरकारले विश्वविद्यालयलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५४ | पूर्व स्वीकृति बिना अचल सम्पत्ति बेचबिखन गर्न नहुने | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयले नेपाल सरकारको पूर्व स्वीकृति बिना अचल सम्पत्ति बेचबिखन गर्न, लिजमा दिन र धितो राख्न नपाउने व्यवस्था यस दफामा गरिएको छ। |
| ५५ | विश्वविद्यालय सञ्चालन हुन नसक्दाको परिणाम | कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसक्ने भएमा विश्वविद्यालयको चल अचल सम्पत्ति नेपाल सरकारको हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ५६ | समिति गठन गर्न सक्ने | विश्वविद्यालयको काम कारबाहीका सन्दर्भमा विश्वविद्यालयका सङ्गठनहरूले आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्ने, यी समिति, उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन हुँदा निर्धारण भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ५७ | नियम बनाउने अधिकार | यस ऐनको कार्यान्वयनको लागि संरक्षक परिषद्‌ले आवश्यक नियम बनाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५८ | विनियम बनाउन सक्ने | यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संरक्षक परिषद्‌ले कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धमा आवश्यक विनियमहरू बनाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५९ | नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने | नेपाल सरकार तथा विश्वविद्यालय अनुदान आयोगबाट अनुदान उपलब्ध भएको अवस्थामा बाहेक विश्वविद्यालयले पदाधिकारी, शिक्षक, अनुसन्धानकर्ता तथा कर्मचारी नियुक्त गर्दा वा शैक्षिक कार्यक्रमको सञ्चालन, उत्पादन तथा अनुसन्धानसम्बन्धी कार्य गर्दा नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी कार्य गर्नु पर्ने। संरक्षक परिषदले नियम वा विनियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार |



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | | पर्ने रहेछ भने सो विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ६० | निर्देशिका र कार्यविधि बनाउन सक्ने | संरक्षक परिषदले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ६१ | मापदण्ड लागू गर्न सक्ने | विश्वविद्यालयको काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि विश्वविद्यालयका संगठनले आवश्यकता अनुसार मापदण्ड बनाई लागू गर्न वा गराउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ६२ | शैक्षिक कार्यक्रम, सम्पत्ति तथा दायित्वको हस्तान्तरण तथा रुपान्तरण | विश्वविद्यालय स्थापना हुनु अघि जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता रहेको नेपाल आँखा कार्यक्रम र जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा दर्ता रहेको अन्धोपन निवारण समाज-मकवानपुर नामक संस्थाको सम्पत्ति, दायित्व तथा यी संस्थाद्वारा सञ्चालित आँखा स्वास्थ्य शिक्षा तर्फका शैक्षिक कार्यक्रम, अस्पताल, उत्पादन केन्द्र यो ऐन प्रारम्भ भएपछि विश्वविद्यालयमा सर्ने, यो ऐन प्रारम्भ हुँदाको बखत आँखा चिकित्सा शिक्षातर्फका शैक्षिक कार्यक्रममा भर्ना भएको विद्यार्थी जुन विश्वविद्यालयको शैक्षिक कार्यक्रम अन्तर्गत भर्ना भएका हुन् सोही विश्वविद्यालयको शैक्षिक कार्यक्रम बमोजिम प्रमाणपत्र प्राप्त गर्न सक्ने, यस ऐन बमोजिम विघटन हुने संस्था अन्तर्गत सञ्चालित कार्यक्रममा कार्यरत स्थायी शिक्षक तथा कर्मचारी विश्वविद्यालयमा सर्ने र सो बाहेक अन्यका हकमा कार्यकारी परिषद्बाट निर्णय भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ६३ | खारेजी र बचाउ | प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता रहेको नेपाल आँखा कार्यक्रम र जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा दर्ता रहेको अन्धोपन निवारण समाज-मकवानपुर संस्था विघटन हुने तथा विघटन हुने मध्येको नेपाल आँखा कार्यक्रम नामको संस्थाको तत्काल कायम रहेको सञ्चालक समिति पहिलो पटक संरक्षक परिषदको मनोनयन हुने सदस्य पदमा सिफारिससम्मको प्रयोजनको लागि कायम रहने व्यवस्था यस दफामा गरिएको छ। |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# तिलगङ्गा नेत्र विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आँखा स्वास्थ्य शिक्षाको क्षेत्रमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न, विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा प्रदान गर्न तथा नविनतम प्रविधिको विकास र विस्तार गरी आँखा स्वास्थ्यको क्षेत्रमा उत्कृष्ट प्राज्ञिक केन्द्रको रुपमा विश्वविद्यालय स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "तिलगङ्गा नेत्र विश्वविद्यालय ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, –

(क) "अध्यक्ष" भन्नाले दफा ७ को उपदफा (७) बमोजिम छनोट भएको संरक्षक परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "अस्पताल निर्देशक" भन्नाले दफा ३० बमोजिम नियुक्त अस्पतालको निर्देशक सम्झनु पर्छ।

(ग) "आँखा स्वास्थ्य शिक्षा" भन्नाले विश्वविद्यालयबाट सञ्चालित आँखा स्वास्थ्य सम्बन्धी सबै विधा र तहका शिक्षा तथा तालिम सम्झनु पर्छ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा ९ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "प्रमुख सञ्चालन अधिकृत" भन्नाले दफा ३२ बमोजिम नियुक्त प्रमुख सञ्चालन अधिकृत सम्झनु पर्छ।

(छ) "प्राज्ञिक निर्देशक" भन्नाले दफा २७ बमोजिम नियुक्त प्राज्ञिक निर्देशक सम्झनु पर्छ।

(ज) "प्राज्ञिक परिषद्" भन्नाले दफा ११ बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ञ) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको तिलगङ्गा आँखा विश्वविद्यालय सम्झनु पर्छ।

(ट) "विषय समिति" भन्नाले दफा १५ बमोजिमको विषय समिति सम्झनु पर्छ।



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(ठ) "शिक्षक" भन्नाले विश्वविद्यालयमा अध्यापन, अनुसन्धान वा प्रशिक्षण गर्न नियुक्त व्यक्ति सम्झनु पर्छ।

(ड) "शिक्षण अस्पताल" भन्नाले दफा १८ बमोजिम स्थापना भएको शिक्षण अस्पताल सम्झनु पर्छ।

(ढ) "संरक्षक परिषद्" भन्नाले दफा ७ बमोजिमको संरक्षक परिषद् सम्झनु पर्छ।

(ण) "स्कूल" भन्नाले दफा १६ बमोजिमको विश्वविद्यालयको स्कूल सम्झनु पर्छ।

## परिच्छेद–२
## विश्वविद्यालयको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **विश्वविद्यालयको स्थापना:** (१) आँखा स्वास्थ्य शिक्षाको क्षेत्रमा गुणस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न, आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गरी विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा प्रदान गर्न, आँखा उपचार सम्बन्धी वस्तु उत्पादन तथा आँखा स्वास्थ्यको क्षेत्रमा नविनतम प्रविधिको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सेवा विस्तार गर्ने प्रयोजनका लागि मानित विश्वविद्यालयका रूपमा तिलगङ्गा नेत्र विश्वविद्यालयको स्थापना गरिएको छ।

(२) विश्वविद्यालयको मुख्य कार्यालय संरक्षक परिषद्ले तोकेको स्थानमा रहनेछ।

४. **विश्वविद्यालय स्वशासित र सङ्गठित संस्था हुने:** (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) कानूनी व्यक्तिको हैसियतले विश्वविद्यालयले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **विश्वविद्यालयको सङ्गठन**: विश्वविद्यालयको सङ्गठनात्मक संरचना देहाय बमोजिम हुनेछ र त्यस्तो सङ्गठनहरूको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछः-

(क) संरक्षक परिषद्,
(ख) कार्यकारी परिषद्,
(ग) प्राज्ञिक परिषद्,
(घ) स्कूल,
(ङ) अनुसन्धान तथा विकास केन्द्र,
(च) उत्पादन केन्द्र,
(छ) शिक्षण अस्पताल,
(ज) विद्या परिषद्,

६. **विश्वविद्यालयका पदाधिकारीहरू**: (१) विश्वविद्यालयमा देहायका पदाधिकारीहरू रहने छन्:-

(क) अध्यक्ष,
(ख) उपाध्यक्ष,
(ग) निर्देशक,
(घ) प्रमुख सञ्चालन अधिकृत,



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(२) विश्वविद्यालयमा प्राज्ञिक मामिला र व्यवस्थापन हेर्न उपदफा (१) को खण्ड (ख) बमोजिम दुई जना उपाध्यक्ष रहनेछन्।

(३) विश्वविद्यालयमा प्राज्ञिक, अनुसन्धान, अस्पताल र आर्थिक तथा स्रोत व्यवस्थापन हेर्ने उपदफा (१) को खण्ड (ग) बमोजिमका चार जना निर्देशक रहन सक्नेछन्।

## परिच्छेद–३
## संरक्षक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

७. **संरक्षक परिषदको गठन:** (१) विश्वविद्यालयको सर्वोच्च निकायको रुपमा एक संरक्षक परिषद् रहनेछ।

(२) संरक्षक परिषद्को गठन देहाय बमोजिम हुनेछः–

(क) सहसचिव, मन्त्रालय –सदस्य

(ख) सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय –सदस्य

(ग) निर्देशक, चिकित्सा शिक्षा आयोग –सदस्य

(घ) विश्वविद्यालयको प्राज्ञिक मामिला हेर्ने उपाध्यक्ष –सदस्य

(ङ) मान्यता प्राप्त विश्वविद्यालयबाट नेत्र चिकित्सा विधामा स्नातकोत्तर उपाधि प्राप्त गरेको र नेत्र रोग विशेषज्ञको रुपमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव भएको व्यक्तिमध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना –सदस्य

(च) आँखा स्वास्थ्य सम्बन्धी सामुदायिक संस्थाको सञ्चालकका रूपमा उत्कृष्ट योगदान पुर्‍याएका व्यक्तिमध्येबाट कम्तीमा दुई जना महिला सहित ६ जना –सदस्य

(छ) आँखा स्वास्थ्य क्षेत्रमा कार्यरत विज्ञहरुमध्येबाट एक जना –सदस्य

(ज) विश्वविद्यालयलाई सहयोग उपलब्ध गराउने दातामध्येबाट एक जना –सदस्य

(झ) विश्वविद्यालयको व्यवस्थापन मामिला हेर्ने उपाध्यक्ष –सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमका सदस्यको मनोनयन संरक्षक परिषद्ले गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो पटकका लागि उपदफा (१) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमका सदस्यको मनोनयन यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र नेपाल आँखा कार्यक्रमको तत्काल कायम रहेको सञ्चालक समितिको सिफारिसमा मन्त्रालयले गर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ।



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(६) उपदफा (३) र (४) बमोजिमको मनोनीत कुनै सदस्यको पद रिक्त हुन गएमा त्यस्तो सदस्य जुन समूहबाट मनोनयन भएको हो सोही समूहबाट मनोनयन गर्नु पर्नेछ।

(७) संरक्षक परिषद्का सदस्यले उपदफा (२) को खण्ड (ङ), (च) र (छ) बमोजिमका मनोनीत सदस्यमध्येबाट अध्यक्ष छनोट गर्नेछन्।

तर अध्यक्षमा विदेशी नागरिक छनोट गर्न सकिने छैन।

(८) उपदफा (३) बमोजिम मनोनीत सदस्यको पदावधि समाप्त हुनु अगावै मनोनयन प्रक्रिया सम्पन्न गर्नु पर्नेछ।

(९) उपदफा (३) बमोजिम मनोनीत कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा त्यस्तो सदस्यलाई संरक्षक परिषद्ले पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

(१०) अध्यक्ष छनोट नभएसम्म संरक्षक परिषद्को बैठकको अध्यक्षता मन्त्रालयको प्रतिनिधित्व गर्ने सहसचिवले गर्नेछ।

(११) उपदफा (२) को खण्ड (ज) बमोजिमको सदस्य मनोनयन गर्दा विश्वविद्यालयलाई तोकिए बमोजिमको सहयोग उपलब्ध गराउने दातामध्येबाट गर्नु पर्नेछ।

(१२) संरक्षक परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि संरक्षक परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

८. **संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार:** संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विश्वविद्यालयको नीति, योजना, रणनीति तथा मापदण्ड स्वीकृत गर्ने,

(ख) विश्वविद्यालय र मातहतका सङ्गठनको सङ्गठन संरचना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) विश्वविद्यालयलाई आवश्यक पर्ने नियम स्वीकृत गर्ने,

(घ) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि निर्धारण र प्रदान गर्ने,

(ङ) शैक्षिक कार्यक्रम, शिक्षण अस्पताल, अनुसन्धान तथा विकास केन्द्र, उत्पादन केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने, गराउने,

(च) विश्वविद्यालयका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने, गराउने,

(छ) विश्वविद्यालयको प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्वर्द्धन गर्ने,

(ज) विश्वविद्यालय र मातहतका निकायलाई निर्देशन वा मार्गदर्शन दिने,

(झ) विश्वविद्यालयको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने,

(ञ) सर्वसाधारणलाई सहज रुपमा आँखा सम्बन्धी विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने तथा आँखा सम्बन्धी विशेष प्रकृतिका रोगका सम्बन्धमा अध्ययन अनुसन्धान गराई निरोधात्मक र उपचारात्मक सेवा सञ्चालन गर्ने, गराउने,

(ट) स्वदेशी तथा विदेशी विश्वविद्यालय, शिक्षण संस्था वा अस्पतालसँग आँखा स्वास्थ्य सम्बन्धी शैक्षिक कार्यक्रमको अध्ययन, अध्यापन, तालिम,



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसन्धान, अन्वेषण, नवप्रवर्तन र नवीन प्रविधिको विकास तथा विस्तारका लागि आवश्यकता अनुसार सम्झौता गर्न स्वीकृति दिने,

(ठ) आँखा स्वास्थ्यको क्षेत्रमा विशेषज्ञ परामर्श सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने, गराउने,

(ड) पदाधिकारी, शिक्षक, अनुसन्धानकर्ता र कर्मचारीको नियुक्ति, मनोनयन, सेवाका शर्त, तलब तथा सुविधा निर्धारण सम्बन्धी कार्य गर्ने,

(ढ) विश्वविद्यालयको काम कारबाहीलाई व्यवस्थित गर्न पदपूर्ति समिति तथा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यदल गठन गर्ने,

(ण) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

## परिच्छेद–४

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

९. **कार्यकारी परिषद्को गठन**: (१) विश्वविद्यालयको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः–

| | | |
|---|---|---|
| (क) | व्यवस्थापन हेर्ने उपाध्यक्ष | –अध्यक्ष |
| (ख) | प्राज्ञिक मामिला हेर्ने उपाध्यक्ष | –सदस्य |
| (ग) | आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक | -सदस्य |
| (घ) | अस्पताल निर्देशक | –सदस्य |
| (ङ) | प्रमुख सञ्चालन अधिकृत | –सदस्य-सचिव |

(३) कार्यकारी परिषद्को बैठकमा आवश्यकता अनुसार विश्वविद्यालयको कुनै पदाधिकारी, शिक्षक, कर्मचारी वा कार्यकारी परिषद्को कामसँग सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) कार्यकारी परिषद्को बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार**: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) संरक्षक परिषद्को निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) विश्वविद्यालयको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि संरक्षक परिषद्मा पेश गर्ने,

(ग) शैक्षिक कार्यक्रम सञ्चालन तथा शिक्षण अस्पतालको स्थापना र सञ्चालनको लागि स्वीकृति दिने,

(घ) आँखा स्वास्थ्यको क्षेत्रमा नयाँ ज्ञान र नवीन प्रविधिको विकास तथा विस्तारका लागि अनुसन्धान तथा विकास केन्द्रको स्थापना र सञ्चालनको लागि स्वीकृति दिने,



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(ङ) प्रचलित कानूनको अधीनमा रही आँखा स्वास्थ्य तथा उपचार सम्बन्धी वस्तु उत्पादन र बिक्री वितरणको प्रयोजनका लागि आवश्यकता अनुसार उत्पादन केन्द्र स्थापना र सञ्चालनको लागि स्वीकृति दिने,

(च) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि निर्धारण र प्रदान गर्ने सम्बन्धमा संरक्षक परिषद्मा सिफारिस गर्ने,

(छ) विश्वविद्यालयको नीति, योजना, रणनीति, मापदण्ड, सङ्गठन संरचना, वार्षिक बजेट तथा कार्यक्रम, प्रगति विवरण, वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्ताव तयार गरी स्वीकृतिको लागि संरक्षक परिषद्मा पेश गर्ने,

(ज) विश्वविद्यालय मातहतका निकायबाट सम्पादन गरिने काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायलाई निर्देशन दिने,

(झ) संरक्षक परिषद्को निर्देशन र प्रचिलत कानूनको अधीनमा रही विश्वविद्यालयको कोष तथा चलअचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(ञ) विश्वविद्यालयका शिक्षक, अनुसन्धानकर्ता तथा कर्मचारीको दरबन्दी, सेवाका शर्त, तलब तथा सुविधा निर्धारण गरी स्वीकृतिको लागि संरक्षक परिषद्मा पेश गर्ने,

(ट) स्वीकृत दरबन्दीमा पदपूर्ति समितिको सिफारिस बमोजिम नियुक्ति तथा बढुवा गर्ने,

(ठ) विश्वविद्यालयका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने, गराउने,

(ड) सर्वसाधारणलाई सहज रुपमा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने, आँखा स्वास्थ्यसँग सम्बन्धित विशेष प्रकृतिका रोगका सम्बन्धमा अध्ययन अनुसन्धान गराई निरोधात्मक र उपचारात्मक सेवा सञ्चालन गर्ने, गराउने,

(ढ) स्वदेशी तथा विदेशी विश्वविद्यालय, शिक्षण संस्था, अस्पताल, संस्थासँग आँखा स्वास्थ्य सम्बन्धी शैक्षिक कार्यक्रमहरूको अध्ययन, अध्यापन, तालिम, अनुसन्धान, अन्वेषण, नवप्रवर्तन र नविनतम प्रविधिको विकास तथा विस्तारका लागि आवश्यकता अनुसार सम्झौता गर्न संरक्षक परिषद् समक्ष प्रस्ताव पेश गर्ने,

(ण) अध्ययन, तालिम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(त) विश्वविद्यालयको हित विपरित काम गर्ने वा सन्तोषजनक कार्यसम्पादन गर्न नसक्ने पदाधिकारी, शिक्षक, अनुसन्धानकर्ता तथा कर्मचारीलाई कारबाही गर्ने,

(थ) विश्वविद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(द) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

## परिच्छेद–५

## प्राज्ञिक परिषद्को गठन तथा काम,कर्तव्य र अधिकार

**११. प्राज्ञिक परिषद्को गठन:** (१) विश्वविद्यालयको शैक्षिक,प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित तथा नियमित गर्न विश्वविद्यालयमा एक प्राज्ञिक परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछः–

| | | |
|---|---|---|
| (क) | प्राज्ञिक मामिला हेर्ने उपाध्यक्ष | –अध्यक्ष |
| (ख) | अनुसन्धान निर्देशक | –सदस्य |
| (ग) | अस्पताल निर्देशक | –सदस्य |
| (घ) | आँखा स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने अन्य विश्वविद्यालयका डीनमध्येबाट संरक्षक परिषद्ले मनोनीत गरेको दुई जना | –सदस्य |
| (ङ) | विश्वविद्यालयका विभागीय प्रमुखमध्येबाट संरक्षक परिषद्ले मनोनीत गरेको एक जना | –सदस्य |
| (च) | स्वदेशी वा विदेशी बरिष्ठ नेत्र रोग विशेषज्ञ वा शल्य चिकित्सकमध्येबाट संरक्षक परिषद्ले मनोनीत गरेका दुई जना | –सदस्य |
| (छ) | विश्वविद्यालयका शिक्षकमध्येबाट संरक्षक परिषद्ले मनोनीत गरेका दुई जना | –सदस्य |
| (ज) | प्राज्ञिक निर्देशक | –सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पद कुनै कारणले रिक्त हुन आएमा सो पदमा पहिले जुन समूहबाट मनोनीत गरिएको हो सोही समूहबाट मनोनयन गर्नु पर्नेछ।

(४) प्राज्ञिक परिषद्को बैठकमा आवश्यकता अनुसार विश्वविद्यालयको कुनै पदाधिकारी, शिक्षक, कर्मचारी वा प्राज्ञिक परिषद्को कामसँग सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि सो परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१२. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन र प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित, नियमित र गुणस्तरयुक्त बनाउने,

(ख) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि निर्धारण र प्रदान गर्ने सम्बन्धमा कार्यकारी परिषद्लाई परामर्श दिने,

(ग) शैक्षिक कार्यक्रम, शिक्षण अस्पताल, अनुसन्धान तथा विकास केन्द्रको स्थापना तथा सञ्चालनको लागि कार्यकारी परिषद्मा सिफारिस गर्ने,

(घ) विश्वविद्यालयको लागि आवश्यक पर्ने शिक्षक तथा अनुसन्धानकर्ताको योग्यता निर्धारण गर्ने,

(ङ) विश्वविद्यालयबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,

(च) चिकित्सा शिक्षा आयोगको मापदण्ड बमोजिम विद्यार्थी भर्ना छनोट सम्बन्धी आधार निर्धारण गर्ने,

(छ) परीक्षाको मापदण्ड निर्धारण गर्ने,

(ज) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, पदक तथा पुरस्कार सम्बन्धी कार्य गर्ने,

(झ) प्राज्ञिक परिषद्सँग सम्बन्धित संरक्षक परिषद्को निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने, गराउने।

## परिच्छेद–६

## विद्या परिषदको गठन तथा काम, कर्तव्य र अधिकार

**१३. विद्या परिषद्**: (१) स्कूलको प्राज्ञिक निकायको रूपमा काम गर्न प्राज्ञिक निर्देशकको संयोजकत्वमा एक विद्या परिषद् रहनेछ।

(२) विद्या परिषद्मा बढीमा सात जना सदस्यहरू रहनेछन्।

(३) विद्या परिषद्को सदस्यको मनोनयन प्राज्ञिक निर्देशकले गर्नेछ।

(४) उपदफा (३) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ।

(५) विद्या परिषद्को बैठक सम्बन्धी कार्यविधि विद्या परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१४. विद्या परिषद्को काम, कर्तव्य र अधिकार**ः विद्या परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञिक परिषद्ले विद्यार्थी भर्नाका लागि निर्धारण गरेको योग्यताको आधारमा विद्यार्थी छनोटको आधार र प्रक्रिया तथा सिट सङ्ख्या तोक्न सिफारिस गर्ने,

(ख) उपाधि निर्धारण, थपघट वा हेरफेर गर्न वा खारेज गर्न प्राज्ञिक परिषद्मा सिफारिस गर्ने,

(ग) पाठ्यक्रम स्वीकृतिको लागि प्राज्ञिक परिषद्मा सिफारिस गर्ने,

(घ) शैक्षिक कार्यक्रमसँग सम्बन्धित परीक्षाको किसिम तोक्न, हेरफेर गर्न, परीक्षा सम्बन्धी शर्तहरू र अन्य व्यवस्था गर्न प्राज्ञिक परिषद्मा सिफारिस गर्ने,

(ङ) स्कूलमा सञ्चालन हुने वा सञ्चालन भएका शैक्षिक कार्यक्रमको निमित्त चाहिने पूर्वाधार तथा सुविधा निर्धारण गर्ने,

(च) प्राज्ञिक निर्देशकले विद्या परिषद्बाट निर्णय हुनु पर्ने भनी आवश्यक देखेका अन्य विषय।

१५. **विषय समितिः** (१) विद्या परिषद्को काम कारबाहीलाई सहयोग पुऱ्याउन आवश्यक सङ्ख्यामा विषय समिति रहनेछन्।

(२) विषय समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–७

## स्कूल, अनुसन्धान तथा नवप्रवर्तन केन्द्र, शिक्षण अस्पताल र उत्पादन केन्द्रको स्थापना तथा सञ्चालन

१६. **स्कूलः** (१) विश्वविद्यालय अन्तर्गत आँखा स्वास्थ्य विज्ञान स्कूल (स्कूल अफ अप्थाल्मिक साइन्स) स्थापना र सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको स्कूलमा विश्वविद्यालयबाट निर्धारित शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।

(३) स्कूल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **अनुसन्धान तथा नवप्रवर्तन केन्द्रः** (१) आँखा स्वास्थ्यको क्षेत्रमा नयाँ ज्ञान र नवीन प्रविधिको विकास तथा विस्तारका लागि विश्वविद्यालयले आवश्यकता अनुसार अनुसन्धान तथा नवप्रवर्तन केन्द्र स्थापना तथा सञ्चालन गर्नेछ।

(२) विश्वविद्यालयले अनुसन्धान तथा नवप्रवर्तन केन्द्र सञ्चालन गर्दा सरकारी, सहकारी, निजी क्षेत्र र स्थानीय समुदायसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ।

(३) अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **शिक्षण अस्पतालः** (१) विश्वविद्यालयले अध्ययन अध्यापन तथा स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि आफ्नो स्कूलको अभिन्न अङ्गका रूपमा शिक्षण अस्पताल स्थापना र सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षण अस्पताल सञ्चालन गर्दा नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र चिकित्सा शिक्षा आयोगले निर्धारण गरेको मापदण्डको पालना गर्नु पर्नेछ।

(३) शिक्षण अस्पताल सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **उत्पादन केन्द्रः** (१) विश्वविद्यालयले आँखा स्वास्थ्य तथा उपचार सम्बन्धी वस्तु उत्पादन र बिक्री वितरण गर्नको लागि आवश्यकता अनुसार उत्पादन केन्द्र स्थापना तथा सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको उत्पादन केन्द्रले कार्यकारी परिषद्को स्वीकृति लिई सरकारी, सहकारी र निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ।

(३) उत्पादन केन्द्रले कार्यकारी परिषद्को स्वीकृतिमा उत्पादन गरेका वस्तुको गुणस्तर परीक्षण तथा नियन्त्रण, ब्राण्डिङ तथा बिक्री मूल्य निर्धारण गर्न सक्नेछ।

(४) उत्पादन केन्द्र सञ्चालन तथा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## परिच्छेद–८
## विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारी

२०. **अध्यक्ष**: (१) अध्यक्ष विश्वविद्यालयको प्रमुख र संरक्षक परिषद्को अध्यक्ष हुनेछ।

(२) अध्यक्षले विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता गर्नेछ।

(३) अध्यक्षले आवश्यकता अनुसार विश्वविद्यालयको निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अध्यक्षले दिएको निर्देशन पालाना गर्नु मातहतका निकाय तथा पदाधिकारीको कर्तव्य हुनेछ।

(५) अध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(६) अध्यक्षको सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

२१. **प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षः:** (१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक मामिला हेर्ने प्रमुख पदाधिकारीका रूपमा एक उपाध्यक्ष रहनेछ।

(२) उपदफा (१) बमोजिमको उपाध्यक्ष विश्वविद्यालयको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) अध्यक्षको सिफारिसमा संरक्षक परिषद्बाट प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको नियुक्ति हुनेछ।

(४) प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

(५) प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षले अध्यक्षको सामान्य नियन्त्रण र निर्देशनमा रही कार्यसम्पादन गर्नेछ।

(६) प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको अनुपस्थितिमा निजको काम अध्यक्षले तोकेको पदाधिकारीले गर्नेछ।

२२. **प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको योग्यता**: देहायको योग्यता भएको व्यक्ति प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षमा नियुक्त हुन योग्य हुनेछः-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा नेत्र चिकित्सा विधामा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) प्राज्ञिक वा शैक्षिक प्रशासन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव भएको,

(ग) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको,

(घ) प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको,

(ङ) चालीस वर्ष उमेर पूरा भएको।



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

२३. **<u>प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u>**ः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्राज्ञिक मामिला हेर्ने उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी विषयको नेतृत्व र समन्वय गर्ने,

(ख) स्कूल, शिक्षण अस्पताल, अनुसन्धान तथा नवप्रवर्तन केन्द्र, शिक्षण अभ्यास लगायतका कार्यक्रमहरूको नेतृत्व र समन्वय गर्ने,

(ग) शैक्षिक कार्यक्रमको तयारी र कार्यान्वयनका सम्बन्धमा रेखदेख, अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन र कारबाही तथा निर्देशन दिने,

(घ) पदक, छात्रवृत्ति र शैक्षिक कार्यक्रम सम्बन्धी कार्य गर्ने,

(ङ) पाठ्यक्रम, पाठ्यपुस्तक, पुस्तकालय, परीक्षाको नीति योजना र कार्यक्रमको निर्धारण, समन्वय तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(च) शैक्षिक, प्राज्ञिक र अनुसन्धानको विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा समन्वय कायम गर्ने,

(छ) शैक्षिक प्रणालीको नियमन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ज) विद्यार्थीको अतिरिक्त क्रियाकलाप, खेलकुद, सामाजिक सेवा सम्बन्धी कार्यक्रमको नीति निर्धारण, समन्वय र मूल्याङ्कन गर्ने,

(झ) मातहतका पदाधिकारी र शैक्षिक विभाग तथा शिक्षण संस्थाको रेखदेख, नियन्त्रण, मूल्याङ्कन, समन्वय सम्बन्धी कार्य गर्ने,

(ञ) परीक्षाको प्राज्ञिक र शैक्षिक गुणस्तर निर्धारण गर्न निर्देशन दिने,

(ट) शैक्षिक मामिलामा अध्यक्ष र संरक्षक परिषद्लाई राय सुझाव तथा परामर्श दिने,

(ठ) संरक्षण परिषद् वा अध्यक्षले निर्देशन गरे बमोजिमको अन्य कार्य गर्ने।

२४. **<u>व्यवस्थापन हेर्ने उपाध्यक्षः</u>** (१) विश्वविद्यालयको व्यवस्थापकीय मामिला हेर्न एक उपाध्यक्ष रहनेछ।

(२) उपदफा (१) बमोजिमको उपाध्यक्ष विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) अध्यक्षको सिफारिसमा संरक्षक परिषद्बाट उपाध्यक्षको नियुक्ति हुनेछ।

(४) व्यवस्थापन हेर्ने उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

(५) व्यवस्थापन हेर्ने उपाध्यक्षले अध्यक्षको सामान्य नियन्त्रण र निर्देशनमा रही कार्यसम्पादन गर्नेछ।

(६) व्यवस्थापन हेर्ने उपाध्यक्षको अनुपस्थितिमा निजको काम अध्यक्षले तोकेको पदाधिकारीले गर्नेछ।

२५. **<u>व्यवस्थापन हेर्ने उपाध्यक्षको योग्यता</u>**ः देहायको योग्यता भएको व्यक्ति व्यवस्थापन हेर्ने उपाध्यक्षको पदमा नियुक्त हुन योग्य हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) सङ्गठित संस्थाको व्यवस्थापकीय वा प्रशासकीय पदमा कम्तीमा पन्ध्र वर्ष काम गरेको,

(ग) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको,

(घ) विश्वविद्यालयसँग कुनै पनि संस्थागत स्वार्थ नबाझिएको,

(ङ) चालीस वर्ष उमेर पूरा भएको।

२६. **व्यवस्थापन हेर्ने उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त व्यवस्थापन हेर्ने उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको अल्पकालीन र दीर्घकालीन योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने,

(ख) संरक्षक परिषद्मा गरिने छलफल तथा निर्णयका लागि प्रस्ताव पेश गर्ने,

(ग) विश्वविद्यालयको सबै कामकारबाही उपर रेखदेख, नियमन र आवश्यकता अनुसार निर्देशन दिने,

(घ) संरक्षक परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) अध्यक्षको अनुपस्थितिमा विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता गर्ने,

(च) विश्वविद्यालयको शिक्षक तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(छ) विश्वविद्यालयको कोष सञ्चालन, लेखा र लेखा परीक्षण गर्ने, गराउने,

(ज) आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजनाको तर्जुमा गर्ने र सोको कार्यान्वयन गर्ने, गराउने,

(झ) विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नीति तथा योजना तयार गर्ने र सोको कार्यान्वयन गर्ने, गराउने,

(ञ) विश्वविद्यालयको सम्पत्तिको व्यवस्था, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

(ट) विश्वविद्यालय अन्तर्गतका सबै निकायको निरीक्षण गर्ने र प्रशासन तथा व्यवस्थापन कार्यमा कुनै त्रुटि देखिएमा सुधार गर्ने,

(ठ) विश्वविद्यालयद्वारा सञ्चालन गरिने परीक्षाको रेखदेख, नियन्त्रण र व्यवस्था गर्ने,

(ड) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएका कामहरू बाहेक अन्य कामहरू गर्ने,

(ढ) कार्यकारी परिषद् तथा अध्यक्षले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने।

(२) उपदफा (१) को खण्ड (ड) बमोजिम भए गरेका कामको जानकारी तुरुन्त अध्यक्षलाई गराई लगत्तै बस्ने संरक्षक परिषद्को बैठकबाट अनुमोदन गराउनु पर्नेछ।



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

२७. <u>प्राज्ञिक निर्देशक:</u> (१) स्कूल प्रमुखको हैसियतमा काम गर्ने पदाधिकारीको रूपमा प्राज्ञिक निर्देशक रहनेछ।

(२) बरिष्ठ नेत्र रोग विशेषज्ञ वा शल्य चिकित्सकमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा संरक्षक परिषद्ले प्राज्ञिक निर्देशक नियुक्ति गर्नेछ।

(३) प्राज्ञिक निर्देशकको पदावधि चार वर्षको हुनेछ।

२८. <u>प्राज्ञिक निर्देशकको काम, कर्तव्य र अधिकार</u>ः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राज्ञिक निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्कूल प्रमुखको रूपमा प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने,

(ख) स्कूल अन्तर्गत सञ्चालन हुने शैक्षिक कार्यक्रम, विद्यार्थी भर्ना, सिट निर्धारण, उपाधि, पाठ्यक्रम विकास, परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ग) विश्वविद्यालय अन्तर्गतका विषयहरूमा पठनपाठन र अनुसन्धानको स्तर विकासका लागि आवश्यक कार्य गर्ने, गराउने,

(घ) वार्षिक शैक्षिक क्यालेण्डर तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ङ) शैक्षिक कार्यक्रमका निमित्त चाहिने पूर्वाधार तथा सुविधा निर्धारण र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने, गराउने,

(च) विद्या परिषद् र विषय समितिहरूको क्रियाकलापमा समन्वय गर्ने,

(छ) प्राज्ञिक परिषद्बाट स्वीकृति लिनुपर्ने विषयको प्रस्ताव तयार गरी प्राज्ञिक परिषद् समक्ष पेश गर्ने, गराउने,

(ज) संरक्षक परिषद्, प्राज्ञिक परिषद् र कार्यकारी परिषद्बाट तोकिएका काम गर्ने, गराउने।

२९. <u>अनुसन्धान निर्देशक</u>ः (१) विश्वविद्यालयको अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको प्रमुखको रूपमा कार्य गर्न एक अनुसन्धान निर्देशक रहनेछ।

(२) मान्यताप्राप्त विश्वविद्यालयबाट नेत्र चिकित्सा विधामा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित विषय र क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको व्यक्तिमध्ये कार्यकारी परिषद्को सिफारिसमा संरक्षक परिषद्ले अनुसन्धान निर्देशक नियुक्ति गर्नेछ।

(३) अनुसन्धान निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(४) अनुसन्धान निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३०. <u>अस्पताल निर्देशक:</u>(१) विश्वविद्यालयको स्कूलका लागि सञ्चालित शिक्षण अस्पतालको प्रमुखको रुपमा काम गर्नको लागि बरिष्ठ नेत्र रोग विशेषज्ञ वा शल्य चिकित्सकमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा संरक्षक परिषद्ले अस्पताल निर्देशकको नियुक्ति गर्नेछ।

(२) अस्पताल निर्देशक शिक्षण अस्पतालको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) अस्पताल निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(४) अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

३१. **आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशकः** (१) विश्वविद्यालयमा उत्पादन केन्द्र र आर्थिक तथा स्रोत व्यवस्थापनसम्बन्धी विषय हेर्न कार्यकारी परिषद्को सिफारिसमा संरक्षक परिषद्ले आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक नियुक्ति गर्नेछ।

(२) आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(४) आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशकको योग्यता, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३२. **प्रमुख सञ्चालन अधिकृतः** (१) विश्वविद्यालयको सामान्य प्रशासन तथा मानव स्रोत सम्बन्धी विषय हेर्न एक प्रमुख सञ्चालन अधिकृत रहनेछ।

(२) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित विषय र क्षेत्रमा कम्तीमा सात वर्षको कार्य अनुभव हासिल गरेको व्यक्तिमध्ये कार्यकारी परिषद्को सिफारिसमा संरक्षक परिषद्ले प्रमुख सञ्चालन अधिकृत नियुक्ति गर्नेछ।

(३) प्रमुख सञ्चालन अधिकृतको पदावधि चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

(४) प्रमुख सञ्चालन अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३३. **पारिश्रमिक तथा सुविधाः** यस ऐन बमोजिम नियुक्त हुने उपाध्यक्ष, प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक तथा प्रमुख सञ्चालन अधिकृतको पारिश्रमिक, सुविधा र सेवाका शर्त तोकिए बमोजिम हुनेछ।

३४. **पदमुक्त हुने अवस्थाः** (१) संरक्षक परिषद्ले दफा ६ को उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लिखित पदाधिकारीले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरुपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी आधार र कारणसहित संरक्षक परिषद्मा तत्काल कायम रहेका एक चौथाई सदस्यले अध्यक्षको हकमा व्यवस्थापन हेर्ने उपाध्यक्ष समक्ष र उपाध्यक्षको हकमा अध्यक्ष समक्ष लिखित निवेदन दिएमा संरक्षक परिषद्का तीन जना सदस्य रहेको छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्यक्ष विरुद्ध निवेदन परेमा संरक्षक परिषद्को व्यवस्थापन हेर्ने उपाध्यक्षले छानबिन समिति गठन गर्ने प्रयोजनको लागि संरक्षक परिषद्को बैठक बोलाउने छ।

(३) उपदफा (१) बमोजिमको छानबिन समितिले अध्यक्ष वा उपाध्यक्षले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको भनी सिफारिस गरेमा र त्यस्तो सिफारिस संरक्षक परिषद्को बैठकबाट बहुमतले पारित भएमा त्यस्तो पदाधिकारी पदमुक्त हुनेछ।

(४) उपदफा (१) बमोजिम छानबिन समिति गठन भएपछि उपदफा (३) बमोजिम संरक्षक परिषद्बाट निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(५) उपदफा (३) बमोजिम पदबाट हटाउने सिफारिस गर्नु अघि छानबिन समितिले अध्यक्ष वा उपाध्यक्ष उपर लागेको आरोपको सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(६) उपदफा (४) बमोजिम अध्यक्ष तथा उपाध्यक्ष निलम्बन भएको अवस्थामा त्यस्तो निलम्बन भएको अवधिभर कार्य सञ्चालन गर्न संरक्षक परिषद्ले विश्वविद्यालयको कुनै पदाधिकारीलाई तोक्न सक्नेछ।

३५. **<u>प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक वा प्रमुख सञ्चालन अधिकृत पदमुक्त हुने अवस्थाः</u>** (१) दफा २७ को उपदफा (३), दफा २९ को उपदफा (३), दफा ३० को उपदफा (३), दफा ३१ को उपदफा (३) र दफा ३२ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक वा प्रमुख सञ्चालन अधिकृतले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण पालना नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी आधार र कारण खुलाई कसैले प्रमाण सहित कार्यकारी परिषद् समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर छानबिन गर्ने प्रयोजनको लागि कार्यकारी परिषद्ले आफ्नो कुनै सदस्यको अध्यक्षतामा तीन जना सदस्य रहेको छानबिन समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको छानबिन समितिले प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक वा प्रमुख सञ्चालन अधिकृतको सम्बन्धमा उपदफा (१) बमोजिम परेको उजुरी सम्बन्धी विषयमा आवश्यक छानविन गरी कार्यकारी परिषद्समक्ष प्रतिवेदन पेस गर्नेछ।

(४) कार्यकारी परिषद्ले उपदफा (३) बमोजिम पेस भएको प्रतिवेदन अध्ययन गर्दा त्यस्तो प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक वा प्रमुख सञ्चालन अधिकृतलाई पदबाट हटाउनु पर्ने देखिएमा त्यस्तो पदबाट हटाउन संरक्षक परिषद् समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिमको सिफारिसको आधारमा संरक्षक परिषद्ले प्राज्ञिक निर्देशक, अनुसन्धान निर्देशक, अस्पताल निर्देशक, आर्थिक तथा स्रोत व्यवस्थापन निर्देशक वा प्रमुख सञ्चालन अधिकृतलाई पदबाट हटाउनेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

३६. **<u>विश्वविद्यालयका शिक्षक तथा कर्मचारी:</u>** (१) विश्वविद्यालयमा आवश्यक सङ्ख्यामा शिक्षक तथा कर्मचारीहरू रहनेछन्।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवा गर्ने प्रयोजनको लागि तोकिए बमोजिमको पदपूर्ति समिति रहनेछ।

(३) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य, अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम शिक्षक तथा कर्मचारी तत्काल पदपूर्ति हुने अवस्था नरहेमा विश्वविद्यालयको स्वीकृत दरबन्दीमा कार्यकारी परिषद्को स्वीकृति लिई सम्बन्धित निर्देशकले करार गरी काममा लगाउन सक्नेछ।

(५) उपदफा (१) बमोजिम करारमा काममा लगाइएका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य, अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरू करारमा उल्लेख भए बमोजिम हुनेछ।

३७. **प्राज्ञिक सहकार्य:** विश्वविद्यालयले स्वदेशी तथा विदेशी विश्वविद्यालय, शिक्षण संस्था, अस्पतालसँग आँखा स्वास्थ्य सम्बन्धी शैक्षिक कार्यक्रमहरूको अध्ययन, अध्यापन, तालिम, अनुसन्धान, अन्वेषण, नवप्रवर्तन र नवीन प्रविधिको विकास तथा विस्तार र आँखा स्वास्थ्य तथा उपचार सम्बन्धी वस्तु उत्पादन तथा बिक्री वितरणका लागि समन्वय र सहकार्य गर्न सक्नेछ।

३८. **पद रिक्त हुने अवस्था:** विश्वविद्यालयका पदाधिकारीको पद देहायका अवस्थामा स्वतः रिक्त भएको मानिनेछ:-

(क) निजले आफ्नो पदबाट राजिनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) दफा ३४ वा ३५ बमोजिम पद मुक्त भएमा,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा,

(ङ) अध्यक्षको हकमा गैर नेपाली नागरिक भएमा वा निजले कुनै विदेशी मुलुकको आवासीय अनुमतिपत्र लिएको प्रमाणित भएमा,

(च) निजको मृत्यु भएमा।

## परिच्छेद–९
## विश्वविद्यालयको कोष, लेखा तथा लेखापरीक्षण

३९. **विश्वविद्यालयको कोष:** (१) विश्वविद्यालयको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्:-

(क) नेपाल आँखा कार्यक्रम र अन्धोपन निवारण समाजबाट हस्तान्तरण भई आएको सम्पूर्ण रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ग) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकम,

(घ) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा सङ्घसंस्थाबाट प्राप्त रकम,

(च) विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट प्राप्त अनुदान वा सहयोग,

(छ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (च) बमोजिम विश्वविद्यालयले विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको कोषबाट विश्वविद्यालयको सबै खर्चहरू व्यहोरिनेछ।



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(६) विश्वविद्यालयको कोष र खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **लेखा र लेखापरीक्षण:** (१) विश्वविद्यालयको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण संरक्षक परिषद्द्वारा नियुक्त लेखापरीक्षकबाट हुनेछ।

(३) विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद–१०
## विविध

४१. **सम्बन्धन:** विश्वविद्यालयले कुनै शिक्षण संस्थालाई सम्बन्धन दिनेछैन।

४२. **उपाधि, प्रमाणपत्र, समकक्षता र स्तर निर्धारण:** (१) विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको उपाधि र प्रमाणपत्र प्रदान गर्नेछ।

(२) विश्वविद्यालयले अनुसन्धान र प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(३) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो प्रयोजनको लागि मान्यता, समकक्षता र स्तर निर्धारण गर्न सक्नेछ।

(४) उपाधि, प्रमाणपत्र, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार:** (१) विश्वविद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विश्वविद्यालयमा सुरक्षित रहनेछ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालयका विभिन्न निकायसँग सम्बन्धित रही अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति आर्जनमा संलग्न अनुसन्धानकर्ता वा व्यक्तिलाई पहिचान, पुरस्कार वा तोकिए बमोजिम रोयल्टीको केही हिस्सा उपलब्ध गराउन सकिनेछ।

४४. **विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई नियुक्ति वा मनोनयन गर्न सकिने:** विश्वविद्यालयमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई संरक्षक परिषद्को अध्यक्ष बाहेकको पदाधिकारी, शिक्षक वा कर्मचारीका रूपमा प्रचलित कानूनको अधीनमा रही नियुक्ति वा मनोनयन गर्न सकिनेछ।

४५. **छात्रवृत्ति उपलब्ध गराउनु पर्ने:** (१) विश्वविद्यालयले प्रत्येक शैक्षिक सत्रमा चिकित्सा शिक्षा सम्बन्धी प्रचलित कानून बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) छात्रवृत्ति पाएका विद्यार्थीले गर्नु पर्ने कार्य तथा पालन गर्नु पर्ने कर्तव्य प्रचलित कानून बमोजिम हुनेछ।



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(३) छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. **सिट निर्धारण तथा विद्यार्थी भर्ना** : चिकित्सा शिक्षा अन्तर्गतका कार्यक्रमहरूको सिट निर्धारण, विद्यार्थी भर्ना, छात्रवृत्ति, शिक्षण शुल्क सम्बन्धी व्यवस्था चिकित्सा शिक्षा आयोगबाट निर्धारण भए बमोजिम हुनेछ।

४७. **पूर्वयोग्यताका शैक्षिक कार्यक्रमको सञ्चालन**: विश्वविद्यालयले सञ्चालन गर्ने स्नातक वा सोभन्दा माथिल्लो तहको शैक्षिक कार्यक्रममा विद्यार्थीको पहुँच अभिवृद्धि तथा अस्पतालका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति विकासका लागि विश्वविद्यालय स्वयंले वा अन्य सङ्घ संस्थासँगको सहकार्य वा साझेदारीमा सम्बन्धित निकायको स्वीकृति लिई आँखा स्वास्थ्य सम्बन्धी पूर्वयोग्यताका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

४८. **वार्षिक प्रतिवेदन:** (१) विश्वविद्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन संरक्षक परिषद्मा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा विश्वविद्यालयले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण, विश्वविद्यालयको उपलब्धि र चुनौती लगायतका कुराहरू उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम संरक्षक परिषद्मा पेश गरिएको प्रतिवेदन विश्वविद्यालयले सार्वजनिक गर्नु पर्नेछ।

४९. **बाह्य पक्षबाट मूल्याङ्कन गर्न सकिने:** (१) संरक्षक परिषद्ले प्रत्येक पाँच वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि लगायतका विषयमा तोकिए बमोजिम बाह्य पक्षबाट मूल्याङ्कन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बाह्य पक्षबाट भएको मूल्याङ्कनको प्रतिवेदन संरक्षक परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन विश्वविद्यालयले सार्वजनिक गर्नेछ।

५०. **अधिकार प्रत्यायोजन:** (१) संरक्षक परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष, प्राज्ञिक परिषद् वा कार्यकारी परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद् र कार्यकारी परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विश्वविद्यालयको कुनै पदाधिकारी, शिक्षक वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५१. **स्वार्थको द्वन्द भएमा काम कारबाही गर्न नहुने**: यस ऐन अन्तर्गत मनोनयन वा नियुक्त हुने पदाधिकारीले विश्वविद्यालयको हित वा सरोकारसँग सम्बन्धित विषयमा प्रत्यक्ष वा परोक्ष रुपमा आफ्नो हित, सरोकार वा स्वार्थ रहेको भएमा स्वघोषणा गरी त्यस्तो विषयको निर्णय प्रक्रियाबाट अलग रहनु पर्नेछ।

५२. **नेपाल सरकारसँग सम्पर्क**: विश्वविद्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

५३. **निर्देशन दिन सक्ने**: संरक्षण परिषद्को बैठक कुनै कारणले बस्न नसकी काम कारवाही अवरुद्ध हुन गएमा नेपाल सरकारले विश्वविद्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ।



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

५४. **पूर्व स्वीकृति बिना अचल सम्पत्ति बेचबिखन गर्न नहुने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयले नेपाल सरकारको पूर्व स्वीकृति बिना अचल सम्पत्ति बेचबिखन गर्न, लिजमा दिन र धितो राख्न पाउने छैन।

५५. **विश्वविद्यालय सञ्चालन हुन नसक्दाको परिणाम:** कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसक्ने भएमा विश्वविद्यालयको चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ।

५६. **समिति गठन गर्न सक्ने:** (१) विश्वविद्यालयको काम कारबाहीका सन्दर्भमा विश्वविद्यालयका सङ्गठनहरूले आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको समिति, उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन हुँदा निर्धारण भए बमोजिम हुनेछ।

५७. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागि संरक्षक परिषद्ले आवश्यक नियम बनाउन सक्नेछ।

५८. **विनियम बनाउन सक्ने:** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संरक्षक परिषद्ले कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धमा आवश्यक विनियमहरू बनाउन सक्नेछ।

५९. **नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने:** (१) नेपाल सरकार तथा विश्वविद्यालय अनुदान आयोगबाट अनुदान उपलब्ध भएको अवस्थामा बाहेक विश्वविद्यालयले पदाधिकारी, शिक्षक, अनुसन्धानकर्ता तथा कर्मचारी नियुक्त गर्दा वा शैक्षिक कार्यक्रमको सञ्चालन, उत्पादन तथा अनुसन्धानसम्बन्धी कार्य गर्दा नेपाल सरकारलाई कुनै आर्थिक दायित्व पर्ने छैन।

(२) संरक्षक परिषद्ले दफा ५७ वा ५८ बमोजिम नियम वा विनियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने रहेछ भने सो विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

६०. **निर्देशिका र कार्यविधि बनाउन सक्ने:** संरक्षक परिषद्ले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

६१. **मापदण्ड लागू गर्न सक्ने:** विश्वविद्यालयको काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि विश्वविद्यालयका संगठनले आवश्यकता अनुसार मापदण्ड बनाई लागू गर्न वा गराउन सक्नेछ।

६२. **शैक्षिक कार्यक्रम, सम्पत्ति तथा दायित्वको हस्तान्तरण तथा रुपान्तरण:** (१) विश्वविद्यालय स्थापना हुनु अघि जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता रहेको नेपाल आँखा कार्यक्रम र जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा दर्ता रहेको अन्धोपन निवारण समाज-मकवानपुर नामक संस्थाको सम्पत्ति, दायित्व तथा यी संस्थाद्वारा सञ्चालित आँखा स्वास्थ्य शिक्षा तर्फका शैक्षिक कार्यक्रम, अस्पताल, उत्पादन केन्द्र यो ऐन प्रारम्भ भएपछि विश्वविद्यालयमा सर्नेछन्।

(२) उपदफा (१) बमोजिमका संस्था मार्फत सञ्चालित शैक्षिक कार्यक्रम विश्वविद्यालयको विधागत आधारमा स्थापित स्कुल अन्तर्गत सञ्चालित हुनेछन्।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत आँखा चिकित्सा शिक्षातर्फका शैक्षिक कार्यक्रममा भर्ना भएको विद्यार्थी जुन विश्वविद्यालयको शैक्षिक कार्यक्रम अन्तर्गत भर्ना भएका हुन् सोही विश्वविद्यालयको शैक्षिक कार्यक्रम बमोजिम प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् ।



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(४) उपदफा (३) बमोजिमको आवश्यक व्यवस्था कार्यकारी परिषद्ले मिलाउने छ । सो प्रयोजनका लागि विश्वविद्यालय र त्यस्तो विश्वविद्यालयबीच समझदारी हुन सक्नेछ।

(५) उपदफा (१) बमोजिमका संस्था अन्तर्गत सञ्चालित कार्यक्रममा कार्यरत स्थायी शिक्षक तथा कर्मचारी विश्वविद्यालयमा सर्नेछन् र सो बाहेक अन्यका हकमा कार्यकारी परिषद्बाट निर्णय भए बमोजिम हुनेछ।

**६३.** **<u>खारेजी र बचाउ</u>:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता रहेको नेपाल आँखा कार्यक्रम र जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा दर्ता रहेको अन्धोपन निवारण समाज-मकवानपुर संस्था विघटन हुनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा (४) बमोजिमका सदस्यको मनोनयनको सिफारिस नेपाल आँखा कार्यक्रमको तत्काल कायम रहेको सञ्चालक समितिले गर्नेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## तिलगङ्गा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालय सम्बन्धी विधेयक तर्जुमा सम्बन्धी अवधारणा पत्र

१. नयाँ ऐन बनाउनु पर्ने आवश्यकता:

**(क) संवैधानिक कारण :** नेपालको संविधानको धारा ५१ (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत (१) मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने भन्ने नीति रहेको सन्दर्भमा उल्लिखित नीति कार्यान्वयनका लागि तिलगङ्गा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालय (डिम्ड युनिभर्सिटी) स्थापना गर्नुपर्ने भएको ।

**(ख) अन्तराष्ट्रिय दायित्व:** नेपालले मुलुकको स्वास्थ्य तथा शिक्षाको सुधारको लागि अन्तराष्ट्रियस्तरमा विभिन्न अवसरमा प्रतिबद्धता जनाएका कारण सृजना भएको दायित्व निर्वाह गर्नुपर्ने भएको ।

**(ग) सर्वोच्च अदालतको फैसला:** छैन ।

**(घ) सरकारको नीति तथा कार्यक्रम :** पन्ध्रौं योजनाको शिक्षा सम्बन्धी लक्ष्यमा गुणस्तरीय शिक्षा मार्फत दक्ष, प्रतिष्पर्धी, उत्पादनशील, नवपर्वतनकारी मानवस्रोतको विकास गर्ने लक्ष्य रहेको छ भने उद्देश्य अन्तर्गत पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धनात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नुसमेत रहेको छ । नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रमको बुँदा नं. १०८ मा विशिष्टिकृत विषयमा उच्च शिक्षा प्रदान गर्ने र विदेशी विद्यार्थीलाई नेपालमा आकर्षित गर्ने गरी उच्च शिक्षामा लगानी गर्न प्रोत्साहन गरिनेछ भन्ने र ऐ को बुँदा नं ११५ मा विशिष्टिकृत स्वास्थ्य प्रयोगशाला स्थापना गर्न प्रोत्साहन गरिनेछ भन्ने रहेको छ । नेपाल आँखा कार्यक्रम नेपालमा अन्धोपन नियन्त्रणको लागि वि.सं. २०४९ देखि नै मुनाफारहित तथा समुदायमा आधारित गैरसरकारी संस्थाको रुपमा मिति २०४९।४।६ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता भई सामाजकल्याण परिषदमा आवद्ध भएको । यस संस्थाबाट काठमाडौंको तिलगङ्गा सहित नेपालका २० जिल्लाका विभिन्न स्थानमा आँखा उपचारको कार्यक्रम सञ्चालन गरी उत्कृष्ट उपचार प्रदान गर्दै आएको छ । यस संस्थाबाट हाल Ophthalmic Science. Fellowship in ophthalmology तथा Master of Optometry का कार्यक्रम विभिन्न प्रतिष्ठान, विश्वविद्यालय तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को सम्बन्धनमा सञ्चालन हुँदै आएका छन् ।

**(ङ) सरकारी विधेयकको रुपमा विधेयक तर्जुमाको आवश्यकता:** संस्था दर्ता ऐन, २०३४ अन्तर्गत गैरसरकारी संस्थाको रुपमा नेपाल आँखा कार्यक्रम नामको संस्था दर्ता भई सोही संस्थाबाट आँखा उपचार सम्बन्धी कार्य सञ्चालन हुँदै आएको छ । प्रस्तुत ऐनको दफा १४ मा संस्था विघटन भएमा त्यस्तो संस्थाको



रामकृष्ण सुवेदी
सचिव

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

जायजेथा नेपाल सरकारमा सर्ने व्यवस्था भएकोले प्रस्तुत अवधारणा पत्र बमोजिम विधेयक तर्जुमा भ तिलगङ्गा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालय स्थापना हुँदा नेपाल आँखा कार्यक्रम अन्तर्गतको सम्पू चल, अचल सम्पत्ति प्रस्तुत मानित विश्वविद्यालयमा सर्ने र यसबाट नेपाल सरकारलाई तत्काल कुनै आर्थिव दायित्व पर्न जाने देखिदैन । छुट्टै ऐन अन्तर्गत स्थापित संस्था हुँदा विशिष्टीकृत तथा स्वायत्त विश्वविद्यालयक रूपमा आँखा स्वास्थ्य सम्बन्धी शिक्षा तथा स्वास्थ्य सेवा र अनुसन्धान तथा नवप्रवर्तन कार्यक्रम सञ्चालनम सहजता हुने भएकोले यसबाट गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने, विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि हुने तथा नयाँ प्रविधिको विकास र विस्तार हुन गई राष्ट्रिय र अन्तरार्ष्ट्रियस्तरमा आँखा स्वास्थ्यको क्षेत्रम उल्लेखनिय उपलब्धी हासिल हुन जाने देखिन्छ । आँखा स्वास्थ्य तर्फको स्वास्थ्य शिक्षामा यो मानित विश्वविद्यालय छुटै विधागत शैक्षिक तथा स्वास्थ्य सेवा प्रदान गर्ने निकाय हुने र यो सार्वजनिक निकाय हुँदा शिक्षा तथा स्वास्थ्य क्षेत्रमा जनविश्वाससमेत वृद्धि हुन जाने हुन्छ । तसर्थ, हाल संञ्चालन हुँदै आएको नेपाल आँखा कार्यक्रम नामक गैरसरकारी संस्थाको नाममा रहेको सम्पूर्ण सम्पत्ति प्रस्तुत मानित विश्वविद्यालयमा हस्तान्तरण हुने गरी आँखा तर्फको स्वास्थ्य, शिक्षा र नयाँ प्रविधिको विकास र विस्तारमा थप उपलब्धी हासिल गर्न आँखा सम्बन्धी उत्कृष्ट शिक्षा तथा उपचार प्रदान गर्दै आएको एवं राष्ट्रिय एवं अन्तराष्ट्रिय ख्याति प्राप्त गरिसकेको नेपाल आँखा कार्यक्रमलाई तिलगङ्गा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालय (डिम्ड युभर्सिटी) को स्थापना गरी सञ्चालन हुन अनुरोध भई आएको छ।

(च) अन्य कुनै कारण : आँखा स्वास्थ्य सम्बन्धी सेवा तथा चिकित्सा शिक्षा अन्तर्गत ophthalmology विधा सम्बन्धी शिक्षाको विकास र विस्तार गरी आँखा स्वास्थ्य शिक्षाको क्षेत्रमा देशभित्रै दक्ष, उत्पादनशील, नवपर्वतनकारी र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव श्रोत को विकास गर्नु परेको छ । आँखा स्वास्थ्य शिक्षाका विभिन्न विषयमा अध्ययन, अध्यापन र अनुसन्धानद्वारा गुणस्तरीय शिक्षाको अवसर सबै क्षेत्रका नागरिकलाई सुलभ रूपमा उपलब्ध गराउनु मुलुकको आवश्यकता हो । राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्ति गर्नुका साथै अन्तर्राष्ट्रियस्तरमा नै आँखा स्वास्थ्य उपचारको लागि नयाँ प्रविधिको विकास तथा विस्तारमा समेत संलग्न भई समुदायमा आधारित मुनाफारहित गैरसरकारी संस्थाको रुपमा सञ्चालन हुँदै आएको नेपाल आँखा कार्यक्रमका सम्पत्ति हस्तान्तरण हुने गरी सार्वजनिक निकायको रुपमा तिलगङ्गा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालय स्थापनाको लागि विधेयकको मस्यौदा तयार गर्न नेपाल सरकारको सैद्धान्तिक सहमति आवश्यक भएको ।

२. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि : नेपालको दुर्गम स्थानमा बसोबास गर्नेहरुको अन्धोपनामा ६५ प्रतिशतको समस्या मोतिविन्दु (Cataract) को कारण भएको र सोको उपचारमा नेपाल आँखा कार्यक्रमबाट प्रभावकारी रुपमा उपचार भएको देखिन्छ । यस कार्यक्रम मार्फत हाल छिमेकी मित्रराष्ट्रहरु चीन, बंगलादेश, भुटान, कम्बोडिया,भारत, प्रजातान्त्रिक गणतन्त्र कोरिया, इन्डोनिसिया, इथियोपिया तथा गुयनासम्म उपचार गरिदै आएकोमा तिलगङ्गा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालय (डिम्ड

रामकृष्ण सुवेदी
सचिव

युनिभर्सिटी) स्थापना तथा सञ्चालनबाट अन्य मित्रराष्ट्रमासमेत यो सेवा विस्तार हुँदै जाने र यसबाट नेपाल प्राविधिक जनशक्तिको अन्तराष्ट्रिय ख्याति वृद्धि हुनुका अतिरिक्त ophthalmology विषयको अध्ययनमा नेपाल उत्कृष्ट गन्तव्य बन्न सक्ने देखिन्छ । यसबाट विश्वस्तरको जनशक्ति उत्पादन हुनुका साथै अध्ययन अध्यापनका अतिरिक्त उपचारका सम्बन्धमा समेत हाल विश्व स्वास्थ्य संगठन, युनिभर्सिटी अफ टेक्सस रियो ग्राण्डे भ्याली, नेशनल इन्सिच्युट अफ हेल्थ, हार्वर्ड युनिभर्सिटी, युएसए, युनिभर्सिटी अफ आईओडब्लुए युनिभर्सिटी अफ मिसिगन, युएसए सहितका १६ भन्दा बढी उत्कृष्ट विश्वविद्यालय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंग भएको सहकार्यमा अझ वृद्धि हुन गई आँखा उपचारमा नेपालको स्थान विश्वका अन्य मुलुकमा उचो हुन जाने मात्र नभै राष्ट्रिय आय तथा मान प्रतिष्ठामा वृद्धि हुन जाने देखिन्छ । आँखा उपचारको लागि आवश्यक पर्ने नयाँ प्रविधि र उपकरणको उत्पादनको सम्बन्धमा समेत अध्ययन अनुसन्धान हुन गई मुलुकको आर्थिक समृद्धिको लागि समेत यसबाट टेवा पुग्न जाने देखिन्छ । यसका साथै शैक्षिक उपाधि तथा प्रमाणपत्र यसै मानित विश्वविद्यालयबाट प्रदान हुन गई अध्ययन, अध्यापन तथा उपचारको सन्दर्भमा यो उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा स्थापित हुन पुग्दछ । यसबाट चिकित्सा शिक्षाको आँखा विधातर्फको अध्ययन अध्यापन, विशेषज्ञ स्वास्थ्य सेवा तथा यस क्षेत्रमा नविनतम प्रविधिको विकास र विस्तार भई रोजगारीको वृद्धि, देशभित्रै उच्च प्राविधिक जनशक्तिको उत्पादन भई सक्षम र सवल मानव संशाधनको विकास तथा नयाँ प्रविधिको हुन जाने देखिन्छ।

३. प्रस्तावित विषयमा मौजुदा कानून भए :

(क) ऐनको नाम: नभएको ।

(ख) नियमावलीको नाम: नभएको ।

(ग) संस्था दर्ता ऐन अन्तर्गत गठित संस्थाको नाम: दर्ता नं. १३/०४९/५० मिति २०४९/४/६ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको नेपाल आँखा कार्यक्रमको दर्ता प्रमाणपत्र, नेपाल आँखा कार्यक्रमको विधान, २०४९ ।

४. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारण : छुट्टै कानून आवश्यक भएको । यसबाट आँखा स्वास्थ्यको उपचार र यस सम्बन्धी अध्ययन अध्यापन स्वदेशमै प्रभावकारी र उपलब्धी मूलक हुन जाने ।

५. प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको हो

(क) तार्किक पद्धति (Rational Method): छ ।

(ख) बढोत्तरी पद्धति (Incremental Method): छ ।

(ग) मिश्रित पद्धति (Mix Method): छ ।

रामकृष्ण सुवेदी
सचिव

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

६. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी : सचिव श्री रामकृष्ण सुवेदी, सहसचिव डा.हरिप्रसाद लम्साल डा .सहसचिव कमल प्रसाद पोखरेल ।

७. प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भ त्यस्तो मुलुक र कानूनको नाम : जानकारी नभएको ।

८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भइ कानून निर्माण सम्बन्धमा कुनै सुझा दिएको भए त्यसको संक्षिप्त व्यहोरा : नभएको ।

९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार: नेपाल आँख कार्यक्रमको सम्पूर्ण सम्पत्ति र दायित्व तिलगङ्गा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालय (डिम्ड युनिभर्सिटी) मा सर्ने भएको, नेपाल आँखा कार्यक्रम अन्तर्गतको मौजुदा भौतिक संरचना तथा जग्गा जमिनम नै प्रस्तुत मानित विश्वविद्यालय स्थापना भई सञ्चालन हुने भएकोले स्थापना तथा सञ्चालनको लागि हालको अवस्थामा सरकारी लगानी आवश्यक पर्ने देखिदैन । प्रस्तुत मानित विश्वविद्यालय सार्वजनिक प्रकृतिको निकाय हुने भए तापनि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट अनुदान उपलब्ध भएको अवस्थामा बाहेक नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने देखिँदैन।

१०. प्रस्तावित कानून कार्यन्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने : आवश्यक पर्ने ।

११. प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको: नभएको ।

१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरू :

(क) तिलगङ्गा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालय (डिम्ड युनिभर्सिटी) को स्थापना ।

(ख) प्रस्तावना ।

(ग) परिभाषा

(घ) मानित विश्वविद्यालय (डिम्ड युनिभर्सिटी) अविच्छिन्न उत्तराधिकारवला, स्वशासित संगठित संस्था र यसको कानूनी व्यक्तित्व हुने ।

(ङ) मानित विश्वविद्यालय (डिम्ड युनिभर्सिटी) को संगठन तथा शासकीय प्रवन्ध ।

(च) मानित विश्वविद्यालय (डिम्ड युनिभर्सिटी) को पदाधिकारी, गठन तथा काम, कर्तव्य र अधिकार ।

(छ) संरक्षक परिषद, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, अनुसन्धान परिषद तथा अस्पताल तथा सामुदायिक कार्यक्रम परिषदको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था ।

(ज) पदपूर्ति समिति सम्वन्धी व्यवस्था ।

(झ) कोष तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था ।

(ञ) पाठ्यक्रम, मूल्याङ्कन तथा उपाधि सम्वन्धी व्यवस्था ।

(ट) अन्य विविध व्यवस्था ।

रामकृष्ण सुवेदी
सचिव